जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १६२ • २०७९ साल कार्तिक २१ गते सोमबार (7 November, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लोसपाको घोषणापत्र
# नागरिकताको हल र आन्दोलनकर्मीको मुद्दा फिर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम। सत्ता गठबन्धनसँगै चुनावी अभियानमा होमिएको मधेशवादी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले मधेश आन्दोलनसँग जोडिएकै मुद्दालाई चुनावी घोषणापत्रमा समेटेको छ । लोसपाले नागरिकता समस्याको हल र मधेश आन्दोलनमा संलग्नमाथि चलाइएको मुद्दा फिर्तालाई नै चुनावी अस्त्र बनाएको छ।

महोत्तरीको जलेश्वरमा आइतबार लोसपाको चुनावी घोषणापत्र सार्वजनिक गर्दै अध्यक्ष महन्थ ठाकुरले मधेश आन्दोलनका मुद्दा अझै पूरा नभएकाले त्यससँग जोडिएकै मुद्दालाई घोषणापत्रमा समेटिएको बताए । 'मधेश आन्दोलनको भावनानुसार संविधानले पूर्णता पाएको छैन,' लोसपा अध्यक्ष ठाकुरले भने, 'संविधान अपूर्ण छ । नागरिकता सम्बन्धी कानून नै बनेको छैन । १० लाख जनता नागरिकता विहीन छन् । हाम्रो घोषणापत्रमा मधेशकै समस्या, एजेन्डा र मुद्दालाई प्राथमिकतामा राखिएको छ ।' नेता ठाकुरले मधेशी जनता अझै विभेदमुक्त हुन नसकेको दाबी गरे ।

'आन्दोलनमा सहभागी साथीहरू अझै जेलमै छन् । परिवर्तनको आन्दोलनमा राज्यबाट हिंस्रक हस्तक्षेप भएको छ । हामी शान्तिपूर्ण आन्दोलन गरे पनि मान्छे मारिएको छ,' उनले भने, 'तिनीहरूलाई राज्यले शहीद त घोषणा गरे। तर, हाम्रा कैयन साथीलाई मुद्दा चलाएर थुनेर राखेका छन् ।' ठाकुरले सत्तामा गएर जनताको सेवा गर्ने सबै दलको ध्येय रहे पनि घोषणापत्रमा उल्लेख गरिएका मुद्दा सत्तामा पुगे नीति तथा कार्यक्रममार्फत सम्बोधनको प्रयास गरिने बताए ।

लोसपाको घोषणापत्रमा संविधानको पूर्णता, पहिचानसहितको संघीयताको व्यावहारिक रुपान्तरण, नागरिकता वितरणको सुनिश्चितता, समानुपातिक समावेशिताको परिणाममुखी प्रत्याभूति र हरेक विभेदबाट मुक्त नेपाली नागरिकलाई महत्वका साथ समेटिएको छ । घोषणापत्रमा भनिएको छ, 'लोकतान्त्रिक समाजवादलाई जनहितमा व्यापक अभ्यास गर्दै भुइँस्तरमा लोकतन्त्र, सुशासन र जनकल्याणप्रति प्रतिबद्ध रहनेछौं ।' यस्तै, लोसपाको घोषणापत्रमा जनकपुरको धार्मिक र सांस्कृतिक विकास र लुम्बिनीलाई विश्वस्तर चिनाउन विभिन्न योजना र कार्यक्रम ल्याइने समेटेको छ ।

लोसपाको घोषणापत्र मस्यौदाका संयोजक नेता अनिल झाले पार्टीको उठाएका मुद्दा र एजेन्डा थाँति नै रहेकाले घोषणापत्र विगतको निर्वाचनकै 'अपडेटेड भर्सन' रहेको बताए । 'लोसपाले प्राप्त गर्ने सिट र ५ वर्षे कार्यकालसम्म सरकार सञ्चालनको मौका पाए घोषणापत्र अनुसार काम गर्ने प्रयास हुनेछ,' नेता झाले भने, 'सरकारमा स्थान नपाए संसद् र सडकबाट आवाज उठाइन्छ ।'

# रौतहटको १ मा जसपा गठबन्धन भंग, एमालेलाई प्रभुको समर्थन


माधव नेपाल


अजय गुप्ता


योगेन्द्र यादव


राजेश चौधरी


कृष्णा यादव

**राकेश यादव**

गौर ।नेकपा एमालेसित रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा गठबन्धन गरेको जनता समाजवादी पार्टी(जसपा) का उम्मेदवार एक्लिएका छन् ।एमालेका उम्मेदवारले गठबन्धनको मान्यता विपरीत स्वतन्त्र उम्मेदवारलाई च्यापेर प्रचारमा लागेका छन् ।

सत्तारुढ गठबन्धनबाट नेकपा एकीकृत समाजवादी(एस)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका छन् ।उनको विरुद्ध एमाले जसपा गठबन्धनबाट गौर नगरपालिकाका निवर्तमान मेयर अजय गुप्ता एमालेबाट उम्मेदवारी दिएका छन् ।

जसपाले क्षेत्र १ को ख मा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवलाई उम्मेदवार बनाएका छन् ।सो प्रदेशमा सत्तारुढ गठबन्धनबाट कांग्रेसका मधेश प्रदेश सभापति कृष्णा यादवले उम्मेदवारी दिएका छन् ।

स्वतन्त्र रुपमा उम्मेदवारी दिएका राजेश चौधरीले एमाले र सत्तारुढ गठबन्धनको समर्थन पाएका स्वतन्त्र उम्मेदवार प्रभु साहको समर्थन प्राप्त गरेका छन् ।

एमालेले गठबन्धनको धर्म निर्वाह नगरेको जसपाका नेताहरुको आरोप छ ।प्रतिनिधिसभामा जसपाको उम्मेदवार छैन् ।प्रदेश सभाका उम्मेदवार राज्यमन्त्री यादवले एक्लै चुनाव लडिरहेका छन् ।उनीहरु प्रतिनिधिसभामा मतदान गर्ने उम्मेदवारको विषयमा निर्णयमा पुगिसकेका छैनन् ।

एमालेबाट प्रतिनिधि सभाका उम्मेदवार रहेका गुप्ताले टिकट वितरण पूर्व नै प्रदेशसभा ख का लागि चौधरीसित तालमेल गरेकाले स्वतन्त्र उम्मेदवारी चौधरीले दिए पनि गुप्ताले त्यसलाई निरन्तरता दिएका छन् ।

एमालेको टिकट नलिई रौतहट ३ बाट स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साहलाई सत्तारुढ गठबन्धनले समर्थन गरे पनि क्षेत्र नम्बर १ उनले नेपालको विरुद्ध गुप्तालाई समर्थन गरेका छन् ।प्रदेशमा चौधरीलाई साहले उम्मेदवार नै बनाएको घोषणा गरेका छन् ।

सो प्रदेशमा एमालेका प्रतिनिधिसभा उम्मेदवार गुप्ता र जसपाका प्रदेशसभा उम्मेदवार यादवबीच हाल सम्म कुनै संवाद र सहकार्यको प्रयास भएको छैन् ।गुप्ताले चौधरीलाई च्यापेपछि यादव एक्लै चुनावी जंगमा डटेका छन् । जसपा युवा नेता श्यामबिहारी यादवले एमालेबाट ठूलो धोका भएको आरोप लगाए ।'केन्द्रमा जसपा अध्यक्ष उपेन्द्र यादव र एमाले अध्यक्ष केपी ओलीबीच गठबन्धनको निर्णय भएको हो' उनले भने, तर अधिकांश क्षेत्रमा एमालेले त्यसको इमान्दारीपूर्वक कार्यान्वयन गरिरहेको छैन् । प्रतिनिधिसभा सदस्यका उम्मेदवार गुप्ताले मत दिने वडामा उनलाई र नेपालका मतदाताले मत दिने वडामा कलम छापमा मतदान गर्न सक्ने युवा नेता यादवले बताए ।तर उनले यस सम्बन्धमा पार्टी भित्र निर्णय हुन बाँकी रहेको बताए ।

प्रदेशमा त्रिकोणात्मक प्रतिस्पर्धा रहेको छ ।सत्तारुढ गठबन्धनका उम्मेदवार यादव र जसपाका उम्मेदवार यादवबीच मुख्य प्रतिस्पर्धा रहेको तर्क दिनेहरु पनि छन् ।तर कतिपयले यादवद्वयबीचको टक्करमा चौधरीले बाजी मार्न सक्ने संभावना पनि कमजोर नरहेको बताए ।

रौतहटमा प्रभु साहले एमाले छाडेर भाँडभैलो मच्चाए पनि क्षेत्र नम्बर १ मा गुप्तालाई समर्थन गरी साहले एमालेसितको निकट्ता कायमै राख्न चाहेको आरोप लागेको छ ।उनले एमालेका उम्मेदवार गुप्तालाई सघाइरहेका छन् ।साहले गुप्तालाई पनि स्वतन्त्र उम्मेदवार दिन भने पनि जसपा गठबन्धनबाट एमालेको टिकट लिएर गुप्ता चुनावमा उठेका छन् ।

एमालेले मधेश प्रदेशमा जसपाका उम्मेदवार हरुलाई सार्वजनिक र भित्री रुपमा घात गरिरहेको आरोप एमालेमाथि लाग्न थालेको छ ।

पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा जसपाका उम्मेदवार प्रदीप यादव र क्षेत्र नम्बर २ उम्मेदवार रहेका सुरेन्द्र कुर्मीलाई एमालेले घात गर्न सक्ने आशंका गरिएको छ । बारा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा जसपाका उम्मेदवार रामबाबु यादवविरुद्ध एमालेले ज्वाला साहलाई उम्मेदवार बनाएको छ ।

तर समग्रमा रौतहट, बारा र पर्सा जिल्लामा स्वतन्त्र उम्मेदवार प्रभु साहको भूमिकासमेत प्रभावकारी देखिएको छ ।उनले जातिगत रुपमा काम गरिरहेको बताइए पनि तीन जिल्लाको क्षेत्र र प्रदेशमा केही उम्मेदवारहरुलाई हराउन प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने संभावना रहेको बताइएको छ ।






प्रम देउवाको चुनावी सभा

# 'भावी मुख्यमन्त्रीको चर्चादेखि विकासको योजनासम्म'

डडेल्धुरा । चार दिनदेखि गृहजिल्ला डडेल्धुरामा आसन्न मङ्सिर ४ गते हुने निर्वाचन लक्षित चुनावी सभामा रहनुभएका प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आइतवार यहाँको भित्रीमधेशका दुई पालिकामा सम्बोधन गर्नुभयो ।

दिउँसो आलिताल गाउँपालिकाको गोदाम बजार नजिक आयोजित चुनावी सभा सम्बोधनपछि प्रधानमन्त्री देउवाले परशुराम नगरपालिकाको जोगबुढामा अर्को चुनावी सभालाई सम्बोधन गर्नुभयो ।

प्रधानमन्त्री देउवा डडेल्धुराबाट सातौँ पटक प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएको छ । यसपटक सत्ता गठबन्धनको साझा उम्मेदवार समेत रहनुभएका प्रधानमन्त्री देउवाले आफ्नो सम्बोधनका क्रममा आसन्न निर्वाचनपछि गठबन्धनको सरकार बन्ने र सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री नेकपा (माओवादी केन्द्र) का नेता तथा डडेल्धुराबाट प्रदेशसभा १ का उम्मेदवार रहनुभएका खगराज भट्टलाई बनाउने बताउनुभयो ।

"मेरो पार्टीले पनि भने त भइहाल्यो नि ! यसपछि गठबन्धनको सरकारमा मुख्यमन्त्री खगराज भट्ट नै हो', जोगबुढा सभामा बोल्दै देउवाले भन्नुभयो, "तपाईंहरू जिताएर पठाउनुस् ।' राष्ट्रिय राजनीतिदेखि डडेल्धुराका



साथै सुदूरपश्चिमको विकासका विषयमा समेत बोल्दै देउवाले यहाँ गठबन्धनले जिते सुदूरपश्चिममा विकास धेरै हुने बताउनुभयो ।

परशुराम नगरपालिका-५ परिगाउँस्थित महाकाली नदीमा पक्की पुल बनाउन भारतीय प्रधानमन्त्रीसित कुराकानी गर्ने उहाँको भनाइ थियो । "त्यहाँ पुल बने भारत आवत जावतका साथै पूर्णागिरि दर्शनका लागि जान पनि सहज हुन्छ', उहाँले भन्नुभयो, "यहाँको आलितालदेखि महाकालीसम्म रङ्गुन खोलाको नदी कटान नियन्त्रणका लागि ठूलो योजना अघि सारिने छ ।' त्यसका साथै दैजी-जोगबुढा सडक, बुडर-जोगबुढा सडक कालोपत्रे, यहाँका खोलानालामा पुल निर्माणका साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गर्दै लैजाने प्रधानमन्त्री देउवाको भनाइ थियो ।

आसन्न निर्वाचनपछि गठबन्धनको सरकार बने मात्रै लोकतन्त्र र समावेशीतन्त्र हरण गर्न नसक्ने व्यवस्था हुने उहाँले बताउनुभयो । "ओलीजी (नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली) ले संविधान नै च्यात्न खोज्नुभयो, जथाभावी संसद् भङ्ग गर्नुभयो', उहाँले भन्नुभयो, "अति भएपछि हामी मिलेर एकभएर अगाडि बढेका हौँ ।'

त्यसैगरी जोगबुढाको चुनावी सभामा बोल्दै नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले कांग्रेसको नेतृत्वमा सरकार बनेपछि अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलित भएको बताउनुभयो । आसन्न निर्वाचनमा सशक्त सरकार आएपछि मुलुक समृद्धिको दिशामा अघि बढ्ने उहाँले स्पष्ट गर्नुभयो ।

"पश्चिम सेती परियोजना ट्र्याकमा आउनुका साथै कञ्चनपुरमा ठूलो नाका बन्दैछ', उहाँले भन्नुभयो, "सुदूरपश्चिमको विकासको ढोका खुलिरहेको छ, त्यसको सुनिश्चितताका लागि गठबन्धनले जित्न जरुरी छ ।'

चुनावी सभामा प्रधानमन्त्री पत्नी एवं नेपाली कांग्रेसकी नेत्री डा आरजु राणा देउवाले जनताको अधिकार खोस्ने प्रवृत्ति प्रतिपक्षी दलका नेताले देखाएपछि कांग्रेसलगायत ठूला दलका शीर्ष नेताहरू एकजुट भएको बताउनुभयो । डडेल्धुराको विकास, यहाँको दलित विपन्न समुदायको अवस्थामा सुधार ल्याउनुका साथै विभेद अन्त्यका लागि आफूहरू लामो समय सक्रिय रहेको उहाँको भनाइ थियो ।

सत्ता गठबन्धनबाट डडेल्धुराको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ का उम्मेदवार माओवादी नेता खगराज भट्टले डडेल्धुराबासीका लागि सयौँ वर्षसम्म सम्झिन सक्ने खालका काम गर्ने हुटहुटी प्रधानमन्त्री देउवामा रहेको बताउनुभयो । आसन्न निर्वाचनमा भित्रीमधेशका नागरिकले आफूमाथि लगाएको गुन तिर्न 'मालिक होइन नोकर' भएर सेवा गर्ने अवसर दिन उहाँले आग्रह गर्नुभयो । निर्वाचनपछि भित्रीमधेशको विकास र समृद्धिलाई उचाइमा पु¥याउन स्थानीय तहदेखि केन्द्रसम्म योजना ल्याइने उहाँको भनाइ छ । चार दिनसम्म गृहजिल्लाका विभिन्न पालिकामा चुनावीसभा सकेर प्रधानमन्त्री देउवा आइतबार साँझ धनगढी फर्किनुभएको छ ।रासस

# शुक्र अस्तले चतुर्मास व्रत उद्यापन रोकिँदैन : धर्मशास्त्रविद्

काठमाण्डु । शुक्र अस्तमा चतुर्मास व्रत समापन गर्न नहुने भनी गरिएको प्रचारप्रसार शास्त्रीय नभएकामा धर्मशास्त्रविद्ले जोड दिनुभएको छ ।

आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म घरघरमा विशेषरुपमा तुलसीको पूजा आराधनासहित चतुर्मास व्रत एवम् कार्तिक स्नान गर्ने वैदिक सनातन हिन्दू धर्मावलम्बीले कार्तिक शुक्ल द्वादशीदेखि हवन गरेर व्रत समापन गर्ने गर्छन् । यस वर्ष असोज १४ गते अस्त भएको शुक्र मङ्सिर ६ गते उदय हुने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

यो अवधिमा कुनै कामनाले गरिने कर्म मात्र गर्न नहुने धर्मशास्त्रविद् समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ । चतुर्मास व्रत प्रत्येक वर्षको नियमित कर्म भएकाले शुक्र एवम् वृहस्पति अस्तले यस्ता कर्म नरोकिने उहाँले सुनाउनुभयो । केही व्यक्तिले सामाजिक सञ्जाललगायतबाट गरेको यससम्बन्धी प्रचारप्रसार गलत रहेको समितिले जनाएको छ ।

धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम शुक्र अस्त भएकाले चतुर्मास व्रत समापन गर्नुहुन्छ कि हुन्न भनि दैनिक धेरैले सम्पर्क गर्ने गरेको बताउनुहुन्छ । तिथिअनुसार प्रत्येक वर्ष मनाइने चाडबाड मनाउन र नियमित व्रत समापन गर्न शुक्र एवम् वृहस्पति अस्तले फरक नपर्ने उहाँले बताउनुभयो ।

पुराण वाचन, विवाह, व्रतबन्धजस्ता कर्म भने शुक्र एवम् वृहस्पति अस्तका बेला गर्नु नहुने शास्त्रीय वचन छ ।

प्रत्येक वर्ष कार्तिक शुक्ल द्वादशीदेखि मार्ग शीर्ष कृष्ण पञ्चमीसम्म तुलसीको विशेष पूजा समापन गर्न गरिने हवनका लागि अग्नि जुराउनु पर्दैन । त्यसपछि भने अग्नि जुरेका दिनमा मात्र चतुर्मास व्रत समापनसहित तुलसीको विशेष पूजा उद्यापन गरिन्छ ।रासस

# राजश्व छली गरेको अभियोगमा मुद्दा

काठमाण्डु । राजश्व अनुसनधान विभागले राजश्व चुहावट गरेको अभियोगमा चितवन भरतपुर महानगरपालिका-३ का सौरभ गुप्ता विरुद्ध उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ ।

विभागले गुप्ता विरुद्ध भन्सार छली गरी मालसामानको आयात गरी बिक्री वितरण गर्दा राजश्व चुहावट गरेको अभियोग लगाएको छ ।

विभागले रु तीन करोड ८० लाख ५९ हजार पाँच सय २६ बराबरको बिगो दावी गर्दै उच्च अदालत पाटनको हेटौँडा इजलासमा यही कात्तिक १८ गते मुद्दा दायर गरेको आज जारी विज्ञप्तिमा उल्लेख छ ।रासस

# एमालेलाई चुनाव जित्न कसैले रोक्न सक्दैन : अध्यक्ष ओली

धादिङ । नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले धादिङमा विकास र समृद्धिका लागि एमालेले चुनाव जित्नुपर्ने बताउनुभएको छ ।

नागढुङ्गा सुरुङमार्गको निरीक्षण गर्न आइतवार आइपुग्नुभएका एमाले अध्यक्ष ओलीले खत्री पौवामा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै धादिङको विकासका लागि एमालेले जित्नै पर्ने बताउनुभयो । आफू प्रधानमन्त्री भएको बेला गरिएको सुरुङ बनाउने निर्णयले देश सुरुङ निर्माण युगमा प्रवेश गरेको उहाँको भनाइ थियो । चीनदेखि भारत जोडिने अन्तर्राष्ट्रिय राजमार्ग धादिङको क्षेत्र नम्बर १ मा पर्ने भएकाले विकासको यो निर्माण गर्ने जिम्मा एमालेले लिएको उहाँले बताउनुभयो ।

धादिङको समस्याका रूपमा रहेको श्री ५ को बायुगुठी समस्या समाधान गर्न आफू लाग्ने उल्लेख गर्दै अध्यक्ष ओलीले सडक निर्माणका कारण दुर्गम भन्ने गरिएको धादिङ अब दुर्गम नरहेको बताउनुभयो । उहाँले धादिङमा एमालेले जित्ने र एमालेको आधिकारिक उमेदवार प्रतिनिधिसभा क्षेत्र नम्बर १ को सदस्य भूमि त्रिपाठी र क्षेत्र नम्बर १ को (१) को प्रदेशसभा सदस्यमा रमेश आचार्य रहेकाले धादिङका कार्यकर्तालाई भ्रममा नपर्न आग्रह गर्नुभयो ।रासस

# नेता पौडेलद्वारा मतदाताको गुनासो र सुझाव लिन हटलाइन

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले मतदाताको गुनासो र सुझाव लिन हटलाइन नम्बर सार्वजनिक गर्नुभएको छ । लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट काठमाडौँ क्षेत्र नं ५ को प्रतिनिधीसभा उम्मेदवारसमेत रहनुभएका पौडेलले मतदाताका समस्या र सुझाव सङ्कलनका लागि आइतवार हटलाइन नम्बर (९८८०२९८८०२) सार्वजनिक गर्नुभएको हो ।

नेता पौडेलले चुनावी घरदैलोमा प्रत्येक मतदाताकोमा जाने क्रममा कतिपय मतदाताहरू कार्य व्यस्तताले नभेटिने गरेको र उहाँहरुको सुझाव र गुनासो सुन्न नपाएकाले सुझाव र गुनासो सुन्न हटलाइन नम्बर सुरु गरिएको जानकारी दिनुभयो । "हटलाइनबाट आएका गुनासो र सुझाव काठमाडौँ क्षेत्र नं ५ को विकासका लागि मार्गदर्शन बन्नेछ, त्यहीँ गुनासो र सुझावलाई आत्मासाथ गर्दै अगाडि बढ्नेछुं', नेता पौडेलले भन्नुभयो ।

सार्वजनिक हटलाइन नम्बरमा नेता पौडेलसहित काठमाडौँ क्षेत्र नं ५ को प्रदेश सभातर्फका उम्मेदवारलाई मतदाताले आफ्नो क्षेत्रको समस्या र सुझाव रेकर्ड गर्न सक्ने बताइएको छ । लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट काठमाडौँ क्षेत्र नं ५ प्रदेश (१) मा भैरव सापकोटा र प्रदेशसभा (२) मा श्यामबहादुर खड्का उम्मेदवार बन्नुभएको छ ।रासस

# चन्द्रग्रहण : भरणी नक्षत्र र मेष राशिलाई कष्ट

काठमाण्डु । कात्तिक २२ गते मङ्गलबार लाग्ने ग्रस्तोदित खग्रास चन्द्रग्रहण भरणी नक्षत्र र मेष राशिका व्यक्तिलाई अतिकष्टदायक रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

चन्द्रग्रहण मेष राशिलाई घात, वृष राशिलाई व्यय, मिथुन राशिलाई लाभ, कर्कट राशिलाई सुख, सिंह राशिलाई माननाश, कन्या राशिलाई कष्ट फल दिने योग रहेको समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चाङ्गम्' मा उल्लेख गरिएको छ । यसैगरी तुला राशिलाई स्त्रीपीडा, वृश्चिक राशिलाई सुख, धनु राशिलाई चिन्ता, मकर राशिलाई व्यथा, कुम्भ राशिलाई श्रीप्राप्ति र मीन राशिलाई क्षतिको फल मिल्ने पनि उल्लेख गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो ।

कात्तिक २२ गते बेलुकी ०५:११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको हो । ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको हो । बेलुकी ०५:१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्टरूपमा देखिने छ ।

बेलुकी ०५:२७ बजे ग्रहणको उन्मीलन हुने समितिले जनाएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिन्छ । एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिने छ । चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताउनुभयो ।

कात्तिक २२ गते मङ्गलबार बिहान ०८:११ बजेदेखि बाल, वृद्ध र बिरामीबाहेकलाई भोजन निषेध गरिएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उहाँले बताउनुभयो । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ ।

यसअघि कात्तिक ८ गते मङ्गलबार कार्तिक कृष्ण औँसीका दिन सूर्यग्रहण लागेको थियो । यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ । औँसीमा सूर्यग्रहण र पूर्णिमामा चन्द्रग्रहण लाग्छ ।रासस

# 'आचारसंहिता कडा कानुनभन्दा नैतिकता हो'

राजविराज । सप्तरीका मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले आचारसंहिता कडा कानुनभन्दा पनि नैतिक आधार भएको बताउनुभएको छ । जिल्ला निर्वाचन कार्यालय सप्तरीले आज राजविराजमा आयोजना आचारसंहितासम्बन्धीअभिमुखीकरणकार्यक्रममा उहाँले निर्वाचन आचारसंहिता उल्लङ्घनको घटनालाई सूक्ष्म ढङ्गले नियालिरहेको बताउनुभयो ।

आचारसंहिता पालनाकै विषयमा सर्वदलीय बैठक बसेर राजनीतिक दल तथा उम्मेदवारलाई पटक-पटक सचेत गराएको जानकारी दिँदै अधिकृत रावले भन्नुभयो, "एकपटक फेरि सचेत गराउने हो, नमाने निर्वाचन आयोगमा लेखेर पठाउने हो ।' सरकारी कर्मचारीबाट आचारसंहिता उल्लङ्घन भइरहेको समाचार सञ्चारमाध्यममा आएपछि आयोगमा तत्कालै जानकारी गराएको उहाँले बताउनुभयो ।

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले जिल्लामा आचारसंहिता उलङ्घन भइरहेको भन्दै यसलाई नियन्त्रण गर्नुपर्ने बताउनुभयो । कतैबाट निर्वाचनलाई भाँड्न सक्ने खालको अवाञ्छित गतिविधि हुन नदिन सुरक्षा निकाय सतर्क रहेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

आचारसंहिता अनुगमन अधिकृत शरणहरि लुइँटेलले जिल्लामा हुने घटनालाई अनुगमन गरेर नियन्त्रण गर्नुपर्ने बताउनुभयो । उहाँले केही मात्रामा भइरहेको आचारसंहिता नियन्त्रण गर्न सबैलाई आग्रह गर्नुभयो । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अविनारायण काफ्लेले कतैबाट निर्वाचन भाँड्ने प्रयास गरिए त्यसलाई निस्तेज पारेर भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन प्रहरी तयार रहेको बताउनुभयो ।

आम निर्वाचनका लागि एक हजार छ सय ३६ नेपाल प्रहरी, तीन हजार दुई सय ७८ म्यादी प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको भन्दै राजविराजमा रहेको विमानस्थालमा सुरक्षा व्यवस्थासमेत कडा गरिएको बताउनुभयो । साथै निर्वाचनको आचारसंहिता र पत्रकारहरूले कसरी रिर्पोटिङ गर्ने विषयमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष श्रवणकुमार देवले जानकारी गराउनुभएको थियो ।रासस

# निर्वाचनपछि पनि गठबन्धन सरकार : वरिष्ठ नेता पौडेल

दमौली । नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेलले निर्वाचनपछि पनि गठबन्धनको सरकार बन्ने बताउनुभएको छ । तनहुँको बन्दीपुर गाउँपालिका-३ रामकोटमा आज आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै पौडेलले मङ्सिर ४ गतेपछि पनि अहिलेकै गठबन्धनले निरन्तरता पाउने बताउनुभयो ।

"चुनावपछि पनि मिलेर गठबन्धनको सरकार बनाउँछौ, गठबन्धनले मिलेर देश विकास गर्छौं', पौडेलले भन्नुभयो, "संविधानको रक्षाका साथै विकास निर्माणमा गठबन्धन प्रतिबद्ध छ ।' संविधानले प्रत्याभूत गरेको अधिकार रक्षाका लागि गठबन्धन बनेको बताउँदै पौडेलले गाउँगाउँमा जनताले पाएको अधिकार रक्षा गरिने दाबी गर्नुभयो । देशमा लगानी भित्र्याएर उद्योग कलकारखाना स्थापना गर्ने र युवालाई स्वदेशमै रोजगारी प्रदान गरिने पौडेलको भनाइ थियो । "उद्योगधन्दा खोलेर युवालाई विदेश जान नपर्ने बनाउँछौँ', पौडेलले भन्नुभयो । वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट तनहुँ १ प्रदेश २ का उम्मेदवार हरिबहादुर चुमानले यस क्षेत्रका जनताका समस्याबारे आफूहरु जानकार रहेको भन्दै समस्या समाधानमा क्रियाशील हुने बताउनुभयो ।रासस


**जग्गा चाहियो**

१. सस्तो जग्गा चाहियो (खरिद गर्ने घोल, भिरालो, खाल्डो, नमिलेको भए पनि हुन्छ ।
२. टहरा वा सटर बनाई भाडामा लगाउन मिल्ने जग्गा लामो समयलाई भाडामा पनि चाहियो ।
३. साथै प्लटिङ्ग पिच गर्ने ठेकेदार पनि चाहियो ।

**सम्पर्क:**
९८२३६७१९८५


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : पारिवाहिक सुख । |
| मिथुन | : बौद्धिक क्षमता । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवार अनिलकुमार झा र परमेश्वर साह आइतवार जनकपुरधाम उप-महानगरपालिकाको वडा ५ र ६ मा घरदैलो कार्यक्रममा मतमागदै । *तस्विर : टुडे*

# प्रदेश निर्वाचन कार्यालयको निर्देशनलाई अवज्ञा गर्दै साधारणसभा गरियो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-३ हरिहरपुर स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडले प्रदेश निर्वाचन कार्यालयको निर्देशनलाई अवज्ञा गर्दै साधारणसभा सम्पन्न भएको छ।

साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई निर्वाचनपश्चात मात्र उक्त कार्यक्रम गर्ने गरी तत्काललाई स्थगन गर्न प्रदेश निर्वाचन कार्यालयले शनिबार बिहान मात्र निर्देशन दिएको थियो। निर्वाचन कार्यालयको निर्देशनलाई सो संस्थाले अटेर गरेको पाइएको छ । निर्वाचन कार्यालयको निर्देशनपश्चात पनि संस्थाको १५औं वार्षिक साधारणसभा शनिबार दिउँसो सम्पन्न भएको हो। संस्थाका अध्यक्ष रुमाकुमारी सिंहको अध्यक्षता तथा पूर्वअध्यक्ष रामसेवक महतोको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको हो।

प्रदेश निर्वाचन कार्यालयले सो संस्थाले महेन्द्र उच्च मावि ढल्केबरमा गर्न लागेको साधारणसभा सम्बन्धमा मिथिला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रतीन्द्र डङ्गोललाई निर्वाचनपश्चात मात्र उक्त कार्यक्रम गर्ने गरी तत्काललाई स्थगन गराउन निर्देशन दिएको थियो।

यस सम्बन्धमा जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजकसमेत रहेका धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले कार्यक्रम सम्बन्धमा आफूलाई कुनै जानकारी नरहेको बताउनुभयो। "महेन्द्र उच्च मावि ढल्केबरमा गर्न लागेको साधारणसभा सम्बन्धमा आचारसंहिता उल्लङ्घन हुने भनी उजुरी प्राप्त भएपछि निर्वाचनपश्चात मात्र उक्त कार्यक्रम गर्ने गरी तत्काललाई स्थगन गर्न मिथिला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिएका थियौँ, उहाँले भन्नुभयो, "हाम्रो निर्देशनका बाबजुद त्यो कार्यक्रम कसरी आयोजना गरियो, विस्तृत बुझेर मात्र केही भन्न सक्छु।' साधारणसभामा संस्थाको आयव्यय तथा वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो।रासस

# विद्यापति स्मृति पर्वको आयोजना

**टुडे समाचारदाता**

राजविराज। मैथिली साहित्य परिषद्द्वारा तीन दिवसीय विद्यापति स्मृति पर्व कार्यक्रम अन्तर्गत शुक्रबार साहित्यिक गोष्ठी तथा शनिबार 'मैथिली भाषाको विकासप्रति प्रतिनिधिसधा र प्रदशेसभाका उम्मेदवारहरुको अवधारण' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।




परिषद्का अध्यक्ष सतिशकुमार दत्तको सभापतित्वमा आयोजित कार्यक्रममा मधेशी आयोगका अध्यक्ष बिजय दत्त, सदस्य आभासेतु सिंह, मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, परिषद्का पूर्वअध्यक्ष द्वय विष्णु मण्डल, विवेकानन्द मिश्र, पूर्वसांसद शिवचन्द्र मिश्र, मैथिल महिला परिषद्की संस्थापक अध्यक्ष मिना ठाकुर, अन्तर्राष्ट्रिय मैथिल परिषद्की अध्यक्ष करुणा झालगायतले विद्यापतिको प्रतिभा र विद्धता बारे आ-आफ्नो विचार व्यक्त गरेका थिए।

सो अवसरमा यस वर्षको शिवदत्त मिश्र स्मृति पुरस्कारबाट गायक गुरुदेव कामत र विजेन्द्र विनोद स्मृति कला पुरस्कारबाट देवेन्द्र साह सोनीलाई सम्मानित गरिएको थियो।

यस्तै, लक्ष्मी-विवेका पत्रकारिता पुरस्कारबाट अजय साह शिवाली र शोभा देव मैथिली स्मृति पुरस्कारबाट सप्तरीको पहिलो महिला शिक्षिका बच्ची मिश्रलाई पनि सम्मानित गरिएको थियो।

यस अघि स्थानीय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको प्राङ्गणबाट विद्यापतिको महत्व झल्किने आकर्षक झाँकीसहित निस्केको जुलुस नगर परिक्रमा पश्चात् मैथिली भवनमा पुगि श्रद्धाञ्जली सभा तथा सम्मान समारोहमा परिणत भएको थियो।

# सोनलका सचिवसहित सयौं नेता जसपामा

**टुडे समाचारदाता**

रौतहट । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता जितेन्द्र सोनलका स्वकीय सचिव संतोष यादवसहित सयौं नेता तथा कार्यकर्ता जनता समाजवादी पार्टी (जसपा)मा प्रवेश गरेका छन् । आइतबार एक कार्यक्रमबीच जसपा अध्यक्ष उपेन्द्र यादवले उनीहरुलाई पार्टी प्रवेश गराएका छन्।



युवा नेता यादवको नेतृत्वमा शम्भु गुप्ता, सरपल्लाह, आमोद यादव, प्रहलाद गुप्ता, संतोष पासमान, दिनेश ताम्राकार लगायत नेता तथा कार्यकर्ताहरु जसपा प्रवेश गरेका छन्।

चुनावको मुखमा नेताहरुको पार्टी प्रवेशले लोसपालाई असर पर्न सक्ने नेताहरुको विश्लेषण छ।

कार्यकममा जसपा बाराका अध्यक्ष अजय पटेल, पूर्वमेयर हरिनारायण साह, परवानीपुरको वडाअध्यक्ष रामेश्वर साह कलवारको विशेष उपस्थिति रहेको थियो।

# नक्कली फेसबुक खोलेर चरित्रहत्या गर्ने पक्राउ

काठमाण्डु । प्रहरीको साइबर ब्यूरो काठमाडौँले नक्कली फेसबुक आइडी बनाएर महिलाको चरित्रहत्या गर्ने व्यक्तिको खोजी तीव्र पारेको छ।

सोही क्रममा ब्यूरोले उक्त आपराधिक क्रियाकलापमा संलग्न सप्तरीको सुरुङ्गा नगरपालिका-१ बस्ने १९ वर्षीय सुमीतकुमार थापालाई पक्राउ गरेको छ। उनलाई आज जिल्ला अदालत काठमाडौँमा पेस गरिएकामा अदालतको अनुमतिले सात दिनको म्याद थप गरी अनुसन्धान थालिएको ब्यूरोका उपनिर्देशक, प्रहरी उपरीक्षक भाग्येन्द्रपुरुष ढकालले जानकारी दिनुभयो।

उनले नक्कली फेसबुक बनाई पीडित र अन्य अपरिचित महिलाको अश्लील तस्बिर र शब्द लेखेर पोष्ट गरेको पाइएको प्रहरीले जनाएको छ । फेक आइडीको म्यासेन्जरबाट थापाले पीडितको आफन्तहरुले प्रयोग गर्ने फेसबुकमा म्यासेज पठाएर बदनाम गरी चरित्र हत्या पनि गरेको पाइएको प्रहरीले जनाएको छ । उनलाई विद्युतीय कारोबार ऐन, २०६३ अनुसार कारबाही प्रक्रिया अघि बढाइएको छ।रासस

# प्राविधिक धारका छात्रछात्रालाई छात्रवृत्ति प्रदान

महोत्तरी । महोत्तरीको बर्दिबास नगर क्षेत्रका प्राविधिक शिक्षालयमा पठनपाठन गर्ने छात्रछात्रालाई छात्रवृत्ति रकम प्रदान गरिएको छ। गरिब तथा मेधावी छात्रछात्रालाई प्राविधिक शिक्षाको डिप्लोमा (स्नातक) तहको अध्ययनका लागि पद्मशम्शेर स्मृति प्रतिष्ठान बर्दिबासले शनिबार एक समारोहबीच पूर्ण छात्रवृत्तिको रकम प्रदान गरेको हो।

प्रतिष्ठानले बर्दिबास-१ महोत्तरीले नगर क्षेत्रका विभिन्न शिक्षालयमा अध्ययन गर्न छ जना गरिब तथा मेधावी छात्रछात्रालाई पूर्ण छात्रवृत्ति प्रदान गरेपछि अब अर्थाभावले आफ्नो अध्ययन नरोकिने छात्रछात्राको भनाइ छ।

"मेरो अब अघिल्लो शिक्षाका लागि पढ्ने सावगास थिएन", बर्दिबास-१० खयरमाराकी जसोधाकुमारी मण्डलले भन्नुभयो, "मेरो लागि छात्रवृत्ति अब वरदान भएको छ, म मेहेनतसाथ पढेर राम्रो होटल व्यवस्थापनविज्ञ बन्नेछु।" अत्यन्त गरिब परिवारकी मण्डलले बर्दिबास-११ खयरमाराको सुन्दरबस्तीस्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयमा होटल म्यानेजमेन्ट विषयको डिप्लोमा तह अध्ययन थाल्नुभएको छ । प्रतिष्ठानले गत असोजमै निर्णय गरेअनुसार आज सम्बन्धित शिक्षालयका प्रमुखको उपस्थितिमा चेकबाट रकम उपलब्ध गराएको हो।

यसैगरी खयरमाराकै अत्यन्त गरिब परिवारकी दिनिता देवकोटाले पनि सोही शिक्षालयमा रेडियोग्राफी विषयको स्नातक तहको पठनपाठन र अभ्यासका लागि प्रतिष्ठानबाट पूर्ण छात्रवृत्ति पाउनुभएको छ। "रहर हुँदाहुँदै घरको गरिबीले पढ्न पाइएलाजस्तो लागेको थिएन", देवकोटाले छात्रवृत्तिमा छानिएपछि खुसी व्यक्त गर्दै भन्नुभयो, "अब प्रतिष्ठानले ढुक्क बनाएको छ, दत्तचित्तसाथ पढेर राम्रो नतिजा ल्याउनेछु।"

प्रतिष्ठानबाट यसपटक बर्दिबास-३ की कविता चौलागाईं र जेनिसा तामाङले क्रमशः पशु विज्ञान र बाली विज्ञानमा स्नातक तहको अध्ययन गर्न प्रतिष्ठानबाट पूर्ण छात्रवृत्ति पाउनुभएको छ। चौलागाईं र तामाङले उहाँहरूले नै रोज्नुभएको प्राविधिक धारको पठनपाठन सञ्चालन गर्दै आएको जनता माध्यमिक विद्यालय बर्दिबास-३ गौरीडाँडामा अध्ययन थाल्नुभएको छ । त्यसैगरी बर्दिबास-६ का रविनकुमार साह र बर्दिबास-७ का मनिषकुमार महतोले क्रमशः सिभिल इञ्जीनियरिङ र कम्प्युटर विज्ञान विषयका लागि स्नातक तहको अध्ययन गर्न पूर्ण छात्रवृत्ति पाउनुभएको छ । उहाँहरू दुवैले बर्दिबास-६ चौलिखास्थित जनहित नन्दलाल माध्यमिक विद्यालयमा अध्ययन थाल्नुभएको छ।

"मैले पढ्ने रहरले नामाङ्कनका लागि छात्रवृत्तिका लागि आवेदन त भरेँ", सिभिल इञ्जीनियरिङ विषयमा अध्ययनका लागि छात्रवृत्तिको घोषणा गरिनुभएका रविनकुमार साहले भावविह्वल हुँदै भन्नुभयो, "आफूजस्ता गरिबले पढ्न पाउने कुरामा भने आश थिएन, तर मैले सिटिइभिटी (योग्यता जाँच परीक्षा उत्तीर्ण) र प्रतिष्ठान दुवै ठाउँबाट अवसर पाएँ।" मुख्य पक्ष पठनपाठनका लागि लाग्ने पूरै शुल्क प्रतिष्ठानले ब्यहोरिदिएपछि साह अब उच्च तहको प्राविधिक शिक्षा पढ्न पाउने कुराले दङ्ग पर्नुभएको छ।

प्रतिष्ठानले शैक्षिक सत्र २०७७ देखि बर्दिबास नगरक्षेत्रका बासिन्दा रही यसै नगरक्षेत्रका प्राविधिक धारका विद्यालयमा पठनपाठन गर्न बर्सेनि १५ जना छात्रछात्रालाई छात्रवृत्ति दिने घोषणा गरे पनि मापदण्डअनुसारका सङ्ख्या अपुग हुँदै आएको छ। प्रतिष्ठानबाट पहिलो वर्ष (२०७७) मा ११ जना र गत वर्ष (२०७८) मा नौ जनाले पूर्ण छात्रवृत्ति पाएर अध्ययन जारी राखेका छन् । यसपालि छ जनाले छात्रवृत्ति पाउँदा संस्थाबाट लाभान्वित छात्रछात्राको सङ्ख्या २६ पुगेको छ। जसमध्ये कम्प्युटर विज्ञान विषयका दुई जनाले अध्ययन पूरा गरेका छन्।

आज अध्ययन पूरा गरेका छात्रछात्रालाई बिदाइ तथा यसपालि छनोट भएका छ जनालाई छात्रवृत्ति प्रदान गर्न आयोजित समारोहमा अध्ययन पूरा गरेका अनिल गिरी र रक्षा सिग्देललाई प्रतिष्ठानले सम्मानपत्र प्रदान गरेको छ। सम्मानपत्र र नगद चेक हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीका प्रमुख भरतबाबु सुवेदीले प्रदान गर्नुभएको हो।

प्रतिष्ठानका अध्यक्ष विष्णु खड्का भन्नुहुन्छ, "आर्थिक कारणले नै शिक्षाको अवसर गुमाउन नपरोस् भन्ने सोचले प्रयत्न थालिएको हो", बर्दिबासस्थित होटल विनायकका सञ्चालक खड्काले होटलको मुनाफाभित्रको निश्चित प्रतिशत रकम प्रतिष्ठानमा जाने नियमित व्यवस्था गरेपछि छात्रवृत्ति सञ्चालनमा आएको हो। विगतमा अर्थाभावकै कारण आफ्नो पढ्ने इच्छा पुरा नभएको सम्झनाले अहिले केही सामाजिक काम गर्न सक्ने आर्थिक हैसियत भएपछि शैक्षिक अवस्था सुधारका लागि पहल थालेको प्रतिष्ठानका अध्यक्ष खड्काको भनाइ छ।

**प्रतिष्ठानका अध्यक्ष विष्णु खड्का भन्नुहुन्छ, "आर्थिक कारणले नै शिक्षाको अवसर गुमाउन नपरोस् भन्ने सोचले प्रयत्न थालिएको हो", बर्दिबासस्थित होटल विनायकका सञ्चालक खड्काले होटलको मुनाफाभित्रको निश्चित प्रतिशत रकम प्रतिष्ठानमा जाने नियमित व्यवस्था गरेपछि छात्रवृत्ति सञ्चालनमा आएको हो।**

"मैले त्यतिखेर (३० वर्षअघि) एसएलसी पास गरेपछि गरिबीकै कारण अध्ययन बढाउन सकिनँ", उहाँले भन्नुभयो, "अहिले मेहेनतले केही खर्च गर्न सक्ने भएको छु, त्यसैले स्व पितामाताको नाउँमा प्रतिष्ठान स्थापना गरेर छात्रवृत्ति कोषमार्फत शैक्षिक काम थालेको हुँ।" गरिब परिवारका जेहेन्दार छात्रछात्राको पढाइमा सहयोग पुऱ्याउन पाउँदा आफू सामाजिक काममा रहेको अनुभूतिसँगै सन्तोष र आनन्द लाग्ने गरेको खड्का बताउनुहुन्छ। बर्दिबास नगर क्षेत्रमा शिक्षाको प्रसारमा प्रतिष्ठानको योगदानले दक्ष जनशक्ति विकासमा सहयोग पुगेको बर्दिबास नगर कार्यपालिकाको कार्यालयका शिक्षा तथा खेलकुद शाखाका प्रमुख गणेशप्रसाद दाहालको भनाइ छ।रासस

# निर्वाचनपछि गठबन्धनको सरकार बन्छ : मन्त्री कार्की

इनरुवा। सञ्चार तथा सूचना प्रविधि ज्ञानेन्द्रबहादुर कार्कीले मङ्सिर ४ गतेको निर्वाचनपछि सत्तारुढ गठबन्धनको सरकार बन्ने बताउनुभएको छ। सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ लोकतान्त्रिक-वाम गठबन्धनको सम्पर्क कार्यालयको आज उद्घाटन कार्यक्रममा उहाँले निर्वाचनबाट सत्ता गठबन्धनको दुई तिहाइ बहुमत आउने र गठबन्धनकै सरकार बन्ने दाबी गर्नुभयो।

प्रतिनिधिसभातर्फ सुनसरी क्षेत्र नम्बर ४ का लोकतान्त्रिक वाम-गठबन्धनका उमेदवारसमेत रहनुभएका मन्त्री कार्कीले जनताले चाहेको विकास र समृद्धिको अभिलाशालाई कांग्रेस नेतृत्वको गठबन्धन सरकारले पूरा गर्ने विश्वास दिलाउनुभयो। सामाजिक एकता र सद्भाव अभिवृद्धि नगरी राष्ट्रिय एकता सम्भव नहुने बताउँदै उहाँले देशमा राजनीतिक स्थिरता आवश्यक भएकाले त्यसका लागि गठबन्धनको सरकार आवश्यक रहेको स्पष्ट पार्नुभयो।

उहाँले सुनसरी खोलामा वर्षेनी आउने बाढीका कारण स्थानीयवासी सधैँ डुबान, कटानको समस्याबाट पीडित भएकाले त्यसको दीर्घकालीन समाधानका लागि बाँध निर्माणका लागि सरकारले बजेट विनियोजन गरिसकेको बताउनुभयो। लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट प्रदेशसभा ४(२) का उमेदवार हाजी इसराइल मंसुरीलगायतका पार्टीका नेता तथा कार्यकर्ताले सम्बोधन गर्नुभएको थियो।रासस

# आप्रवासनसम्बन्धी नीतिलाई लैङ्गिक उत्तरदायी बनाउनुपर्ने माग

काठमाण्डु । सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले आप्रवासनसम्बन्धी नीति तथा नियमलाई लैङ्गिक-उत्तरदायी बनाउनुपर्ने माग गरेको छ । सञ्जालले यहाँ आइतवार आयोजना गरेको कार्यक्रममा अध्यक्ष हरिबहादुर थापाले महिलामैत्री आप्रवासन श्रमसम्बन्धी प्रष्ट नीति नहुँदा गैरकानूनीरूपमा रोजगागरीमा जाने नेपाली महिलाहरूले विभिन्न समस्या झेल्नुपरेको बताउँदै प्रष्ट नीति बनाउनुपर्नेमा जोड दिनुभयो।

सोही अवसरमा मिडिया एड्भोकेसी ग्रुपकी कोषाध्यक्ष रशना ढकालले घरेलु कामदारका रूपमा विदेश जाने महिलालाई बन्देज गर्नेभन्दा पनि व्यवस्थापन गर्नुपर्ने धारणा राख्नुभयो । सन् २००८/०९ देखि २०१८/१९ सम्म ४० लाख ९९ हजार नौ सय २६ श्रम स्वीकृति जारी गरिएको सञ्जालले जनाएको छ। त्यसमा महिलाको सङ्ख्या दुई लाख ११ हजार आठ सय ९१ रहेको छ। वैदेशिक रोजगारीका लागि एक सय १० श्रम गन्तव्य खुला गर्नुका साथै १० वटा गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गरिएको छ।

केही आप्रवासन सम्झौतामा महिला आप्रवासी श्रमिकहरूको सुरक्षा र कल्याणका लागि प्रावधान समावेश छन्। नेपाल र मौरिससको एमओयूले "महिला श्रमिकको विशेष जोखिम र कुनै पनि हिंसा, धम्की र शारीरिक, मानसिक र यौन दुर्व्यवहार विरुद्धको सुरक्षा' लाई सम्बोधन गर्दछ। जोर्डनसँगको सम्झौताले "जोर्डनभित्र काम गर्ने नेपाली श्रमिकरूलाई राष्ट्रियता, जाति, धर्म वा लिङ्गको भेदभाव नगरी जोर्डनको श्रम कानूनअन्तर्गत व्यवहारमा समानता लागू हुनेछ', भन्ने उल्लेख गरिएको छ। यद्यपि पर्याप्त नभएको सञ्जालको भनाइ छ।

सञ्जालले वैदेशिक रोजगार ऐन, २०६४ र मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बीच तारतम्य हुनुपर्ने, भर्ना प्रक्रिया र पिडिओटी जस्ता सेवाहरूको स्थानीयकरण गर्नुपर्ने, लैङ्गिकरूपले खण्डीकृत तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्नुपर्ने, अनियमित अवस्थामा गएका श्रमिकको तथ्याङ्क सङ्कलन र घरेलु कामदारका रूपमा महिलालाई वैदेशिक रोजगारका रूपमा प्रतिबन्ध हटाइनुपर्नेमा जोड दिएको छ । सञ्जालका उपाध्यक्ष चिरञ्जीवी बरालले विदेशस्थित नेपाली नियोगहरूमा स्रोतको उचित बाँडफाँट सुनिश्चित गर्ने र आवश्यक परेका आफ्ना नागरिकलाई सक्षम सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।रासस

# गठबन्धनको सूत्रधार मै हो : अध्यक्ष केसी

गलकोट । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अहिलेको पाँचदलीय गठबन्धको प्रमुख सूत्रधार आफू रहेको दाबी गर्नुभएको छ। बागलुङ क्षेत्र नं १ बाट प्रतिनिधिसभाको सदस्यको गठबन्धका तर्फबाट उम्मेदवारसमेत रहनुभएका नेता केसीले मङ्सिर ४ गतेको निर्वाचनमा प्रतिगमन ढल्ने बताउनुभयो। आज बागलुङ बजारमा आयोजित पत्रकार सम्मेलनमा नेता केसीले मङ्सिर ४ गतेको निर्वाचन प्रतिगमन र अग्रगमनबीच प्रतिस्पर्धा हुने बताउँदै प्रतिगमन ढलेर जाने बताउनुभयो।

उहाँले भन्नुभयो, "मनै प्रतिगमनका विरुद्धमा लागैँ, त्यसैले गठबन्धन बनाउनै अग्रसर भएको थिएँ', नेता केसीले भन्नुभयो, "अहिलेको हाम्रो लडाइँ प्रतिगमन र अग्रगमनबीच छ, मङ्सिर ४ गते प्रतिगमनलाई ढलाइन्छ।' उहाँले आफूले प्रतिगमनको विरुद्ध र राष्ट्रियताको पक्षमा देशलाई जोगाउने भूमिका खेलेको भन्दै आफूले सहजै ढङ्गले चुनाव जित्ने बताउनुभयो।

नेता केसीले संसद्मा नीति बनाउन जाने भए पनि नागरिकलाई विकाससँग जोड्न आफूले सक्दो पहल गर्ने बताउनुभयो । उहाँले जनताहरू विकासको पर्खाइमा रहेको आफूले महसुस गरेको भन्दै राष्ट्रिय योजनालाई पूरा गर्न आफूले पहल गर्ने बताउनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रतिबद्धता अनुसारको कार्य होस्

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि दलहरु आ-आफ्नो घोषणापत्र सार्वजनिक गर्ने गरेका छन् । दलहरु आगामी निर्वाचनमा आफ्नो दल बिजयी भएपछि पार्टीको एजेण्डा, आगामी कार्यनीति र योजनाहरु जनता समक्ष प्रस्तुत गर्नका लागि दलहरु प्रतिबद्धता/घोषणापत्र सार्वजनिक गर्ने गरेका छन् । परिपाटी नयाँ नभए पनि विगत देखिनै घोषणापत्र अनुसारको काम हुन नसकेको जनताको गुनासो अहिले पनि यथावत नै रहेको छ । पार्टी/दलहरुले निर्वाचनमा मतदातालाई रिझाउनका लागि हरसम्भव प्रयासरत्त छन् । हुन सक्ने नहुन सक्ने सवै थोक प्रतिबद्धता गर्दै हिड्ने गरेका छन् । हुनत अहिले मुख्य रुपमा दुई गठबन्धनबीच चुनाव हुँदैछ तर, सवै दलले अलग अलग प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् । अहिले गठबन्धनको तर्फबाट प्रतिबद्धतापत्र सार्वजनिक हुनुपर्ने थियो तर, दलहरुले आ-आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेर गठबन्धनको आयु लामो नरहेको स्पष्ट हुन्छ । दलका नेताहरुले यो गठबन्धन निर्वाचनपछि पनि रहने र लामो समय सम्म चल्ने दाबी गरिरहँदा प्रतिबद्धतापत्र अलग-अलग सार्वजनिक गर्नुले पनि शंकाको घेरामा छ । जनताको मतलाई फेरि राजनीतिक दलहरुले दुरुपयोग नगरोस् भनेर जनतामा डर छ । जनताले आफ्नो हितमा काम गर्ने उम्मेदवार चाहेका छन् तर, आफ्नो भन्दा मेरो सोचका कारण प्रतिबद्धतापत्रहरुको कुनै औचित्यनै रहँदैन् । निर्वाचन पछि प्रतिबद्धतापत्रको कुनै औचित्यनै राख्दैन् राजनीतिक दलहरु । त्यस कारण प्रतिबद्धतापत्रको अक्षरशः पालना गरी जनता र मुलुकको हितमा काम गर्नु राजनीतिक दलहरुको उत्तरदायित्व हो ।

# 'मधेशके मुद्धा हराय गेलैय दाय गे'



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

'मधेशके मुद्धा हराइ गेलैय दाय गे' । के मधेश मुद्धा बास्तवमै हराएको हो ? स्वभाविक रुपमा प्रश्न उठ्छ, मधेश आन्दोलनको औचित्य कति पुरा भयो भनेर । मधेश आन्दोलनको वलमा मुलुक सङ्घीयतामा प्रवेश गऱ्यो । आन्दोलनको मुख्य उद्देश्यमधये एकमात्र औचित्य पुरा भएको देखिन्छ । उतिखेर, 'समग्र मधेश एक प्रदेश'को नारामा आकर्षण थियो । मधेशी समुदाय यो नारा सुनेर बडो प्रफुल्लित महशुस गर्दथे । नयाँ संविधान जारी भएपछि मधेश प्रदेश खुम्चिएर आठ जिल्लामा सीमित भयो । जे भएपनि, 'नाहि मामा त कान्हो मामा'को उखान चरितार्थ भयो । प्रदेश नं-२ मधेश प्रदेशमा परिणत भयो । मधे श आन्दोलनको फलस्वरुप मधेशी समुदायको सम्मान र आत्मविश्वासमा बढोत्तरी भएको वास्तविकतालाई स्विकार गर्नुपर्दछ ।

मधेश आन्दोलनको मुख्य मुद्धा के थियो ? भन्ने सम्बन्धमा मधेशवादी नेताहरु मागलाई पुरा गराउन अडान लिन नसकेको र सत्तासँग साटासाट गरेको सर्वसाधारणको आरोप छ । यस आरोपलाई चिर्न वा वास्तविकतालाई स्वीकार गरी आगामी दिनमा सच्चिने प्रतिबद्धता जनाउनु पर्दछ ।

मधेशकेन्द्रीत दलहरु मन्त्री बन्नका लागि दुई बुँदै सम्झौता गर्ने, तर त्यो सहमतिलाई कार्यान्वयनका लागि प्रधानमन्त्रीसमक्ष दवाव बनाउन नसक्ने अवस्थाले गर्दा मधेशका मागहरु ओझेलमा परेको आरोप पनि छ । नागरिकता विधेयक संसद् बाट पारित भएपनि राष्ट्रपति विद्यादेवी भण्डारीबाट अनुमोदन भएन् । यसको जिम्मेवारी कसले लिने ? वितेको पाँच बर्षमा मधेशले के उपलब्धि पायो भने प्रश्नको जवाफ अनुत्तरित नै रहन्छ । तर, सो अवधिमा मधेशकेन्द्रीत दलहरु नाम परिवर्तन र विभाजित भएको हो । यसअघि, उपेन्द्र यादव, महन्थ ठाकुरहरु आपसी तालमेलमा चुनावमा सहभागी भएका थिए भने अहिले एक अर्काको विरुद्धमा मोर्चाबन्दी गरेका छन् ।

जे भएपनि, सो प्रदेशमा जनता समाजवादी पार्टीको नेतृत्वमा पाँच बर्षको शासन पुरा भयो । अव, मुलुकमा प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन दुई सातामा सम्पन्न हुनेछ । यो निर्वाचनमा मधेशकेन्द्रीत दलहरुलाई सन्तोषजनक परिणाम ल्याउनका लागि कडा मिहिनेत गर्नुपर्ने अवस्था छ । मधेशकेन्द्रीत दलहरु आफूलाई मधेशका हिमायती भन्छन् । मधेशमाथि आफ्नो मात्र अधिकार रहेकोजस्तो दावी गर्नमा पछि हट्दैनन् । तर, मधेशकेन्द्रीत दलहरुले मधेश प्रदेश कै अधिकांस क्षेत्रमा एक्लै चुनाव लड्ने हैसियत गुमाइसकेको कटु सत्य हो ।

मधेशका महारथिहरुमा महन्थ ठाकुर, उपेन्द्र यादव, महेन्द्रराय यादव, अनील झा, राजेन्द्र महतो र डा. सिके राउतलगायतका नेताहरुका आउँदो मङ्सिर ४ गतेको निर्वाचनको परिणामपछि को संसदमा पुग्ने वा नपुग्ने भनेर मतदानको आधारमा फैसला हुनेछ । मधेश प्रदेशमा मधेशकेन्द्रीत दुई दलको सरकार बनेपछि 'खेत खेतमा सिँचाई, हात हातमा रोजगार'जस्ता मन लुभावना वाचाहरु पुरा नभएपछि मतदाता यसपल्ट त्यस किसिमका नाराहरु भ्रमित होला जस्तो लाग्दैन् । मधेशकेन्द्रीत दलका नेताहरु मन्त्री बन्ने विषयलाई बढी प्राथमिकतामा राखेपछि मधेशका समूचित माग बास्तवमै हराएको भनेर सर्वसाधारणलाई अनुभूति भइरहेको यर्थाथ हो । मुख्यमन्त्री लालबावु राउतको 'बेटी पढाऊ, बेटी बचाऊ' जस्ता कार्यक्रमअन्तर्गत छात्राहरुलाई साइकल वितरणजस्ता कार्यको सराहना गर्नुपर्दछ । हुन त, त्यो कार्यक्रमपछि विवादित बन्यो । अहिले अख्तियारले साइकल खरिदमा अनियमितताको विषयमा अनुसन्धान गरी कारवाहीको प्रक्रियालाई अगाडि बढाएको छ ।




अहिले चुनावले मधेश प्रदेश तरङ्गित छन् । काँग्रेस, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र एकीकृत समाजवादीका मिलेर उम्मेद्वार उठाएका छन् भने अर्कोतर्फ एमाले र जनता समाजवादी पार्टी (जसपा) तालमेल गरेका छन् । तर, विडम्बना के देखिएको छ भने पाँचवटा संसदीय क्षेत्रमा एमाले र जसपाबीच तालमेल नहुँदा दुवै पार्टीले आ-आफ्ना उम्मेद्वार दिएका छन् । बास्तविकता के छ भने, चुनावमा दलीय तालमेलभन्दा उम्मेद्वार मतदाताबीचको तालमेल नै निर्णायक हुने गर्दछ । यसपल्ट, पुनः निर्वाचित हुन खोज्ने उम्मेद्वारहरुलाई जनतासँग तालमेल बनाउन हम्मेहम्मे पर्ने सम्भावना प्रवल देखिन्छ । उहिलेपनि मधेशको जनता चनाखो थियो । तर, भावनामा बग्ने गरेको कारणले कतिपय उम्मेद्वार यसअघिको निर्वाचनमा लाभान्वित भएका हुन् ।

तर, एउटा भनाइ छ, लागेको बानी हत्तपत्त जाँदैन् । मधेशी समुदायमात्रै होइन कि मुलुकभरकै मतदाता यस्ता बानीबाट ग्रसित छन् । पाँच बर्ष गाली गर्छन् । आउँदो निर्वाचनमा स्वच्छ, इमान्दार र कर्मठ व्यक्तिलाई मतदान गर्नुपर्छ भनेर कसम खाने गर्छन् । जातपात, धर्म र दलीय भावनाबाट उठ्नु पर्छ भनेर ज्ञान बाँड्छन् । निर्वाचन घोषणा भएलगत्तै यस्ता व्यक्तिमध्ये अधिकांसले विगतमा गरेका वाचालाई विर्सेर सिद्धान्त र जातपातको आधारमा मतदान गर्ने गरेको देखिएको छ । सो समस्याबाट मधेश धेरै बढी ग्रसित छन् ।अन्तिम समयमा मधेशमा सिद्धान्तभन्दा बढी भावनात्मक सम्बन्धको प्रभावमा परेर मतदान निम्तने खतरा देखिन्छ ।

काँग्रेस, एमाले र माओवादीकेन्द्रले पनि मधेशी समुदायको भावनालाई आत्मसात गरी क्षेत्रको बाहुल्यतालाई ध्यानमा राखेर उम्मेद्वार दिएका छन् । त्यस कारणले यसपल्टको चुनावमा अधिकांस उम्मेद्वारहरु सशक्त अवस्थामा छन् ।

चुनाव जित्नका लागि तडकभडकभन्दा ठोस चुनावी रणनीतिका साथै इमान्दार कार्यकर्ता चाहिन्छ । निर्वाचनको तिथि नजकिएपनि मतदातामा विगतका निर्वाचनजस्तै उत्साह देखिएको छैन् । यसपल्ट, अधिकांस मतदाता मतदान गर्ने आफ्नो कर्तव्यको निर्वाह गर्छन् । मतदाताले कर्तव्य निर्वाह गरेपनि निर्वाचित प्रतिनिधिहरुमध्ये कतिपयले जनताको मनोभावलाई सम्झन नसकेको अवस्थाले त्यस्ता उम्मेद्वारहरुलाई मतदातालाई रिझाउन अप्ठेरोपर्ने सम्भावना पनि छ ।

### उहिलेभन्दा अहिलेको मधेश पछाडि

उहिलेभन्दा तुलनात्मक रुपमा अहिलेको मधेश पिछडिएको छ । शिक्षा, स्वास्थ्य र सडकको विकासमा धेरै पछाडि परेको अवस्था छ । रोजगारको कुरै नगरे हुन्छ । कृषिमै आधारित मधेश प्रदेशमा सिँचाई र रसायनिक मलको अभावमा समयमा किसानहरु वाली रोप्न नसक्ने र अत्यधिक उत्पादन पनि लिन नसक्ने सत्यलाई स्वीकार गर्नुपर्छ । मधेशलाई अन्न भण्डार पनि भनिन्छ । तर, चुरेको विनासले गर्दा खेतीयोग्य जग्गा कटान हुँदा हजारौं विघा जग्गा मरुभूमिमा परिणत भएको छ । यस्तै, रहिरह्यो भने दुई दसकपछि मधेश प्रदेशका अधिकांस खेतीयोग्य जग्गा नास हुने सम्भावना छ ।

उहिलेको मधेश अहिलेको मधेशको तुलनामा बढी आत्मनिर्भर थियो । धानवाली र तरकारी बालीको राम्रो उत्पादन हुने गरिन्थ्यो । उहिलेको मधेशमा शिक्षाको ज्योति बलेको थियो । भारतबाट भएपनि विद्यार्थीहरु उच्च शिक्षा प्राप्त गरेर मुलुकको विभिन्न निकायमा जागिर पाइन्थ्यो । अन्यत्र कतै नपाएको खण्डमा पहाडका जिल्लाहरु शिक्षकमा जागिर सहज रुपमा पाइन्थ्यो । पहाडको शिक्षा क्षेत्रको उत्थानमा मधेशका शिक्षित युवाहरुको अह्म योगदान छ । सात दिनसम्म पैद्ल हिँडेर पहाडको अन्कण्टार ठाउँका विद्यालयमा शिक्षा प्रदान गर्ने मधेशी समुदाय अहिले आफ्नै मधेश प्रदेश शिक्षा र स्वास्थ्य क्षेत्रमा पछाडि परेको देखेर आत्मग्लानी महशुस गरिरहेको अवस्था छ । आज, त्यो मधेशमा शिक्षास्तर घटेको छ । अहिलेपनि पचास प्रतिशतको हाराहारीमा नियमित रुपमा बालवालिकाहरु विद्यालय पुग्ने नगरेको तथ्याङ्क छ ।

मधेश प्रदेशको सरकारले सार्वजनिक गरेको तथ्याङ्कको आधारमा २७.७ प्रतिशत मानिसहरु गरिबीको चपेटामा छन् । मधेश प्रदेशका डोम, चमार, मुसहर र बातरलगायत दलित वर्गका अधिकांस परिवारलाई छाप्रोमैं बस्नुपर्ने अवस्था छ । बर्षायामको समयमा ओछ्यान जोगाउन र जाँडो महिनामा छाप्रोमा छिर्ने चिसो हावाले मर्माहत हुनुपरेको पीडा छ । मधेश प्रदेशमा गरिवीहरुको जनसङ्ख्या उच्च नै रहेको देखिन्छ ।

यस प्रदेशका ग्रामीण क्षेत्रमा अहिलेपनि नियमित रुपमा पचास प्रतिशत बालवालिकाहरु नियमित रुपमा विद्यालय जाने गर्छन् । कुपोषणको शिकार कर्णाली प्रदेशपछि मधेश प्रदेशकै नम्बर आउँछ । मधेश प्रदेशमा १५देखि ४९ बर्षका समूहका महिलामध्ये ५८ प्रतिशत एनिमिया रोगबाट ग्रस्त छन् भने ३०.८ प्रतिशत बच्चा कम तौंलका जन्मिने गरिन्छ । मुलुकमा कुल ३५हजार ५२० वटा विद्यालयमध्ये मधेश प्रदेशमा विद्यालयको सङ्ख्या चार हजार १३७ रहेको छ ।यस प्रदेशका २४.२० प्रतिशत युवाहरु श्रम बेच्न विदेसिएका छन् । मधेश प्रदेशको विकास दर २.३ प्रतिशत रहेको छ यहाँ ५४ लाख ०४ हजार १४५ जनसङ्ख्यामा १३ वटा ठूला सरकारी अस्पताल छन् ।

वास्तवमा, मधेश प्रदेशको उत्थान गर्न खोजिएको छ भने आउँदो सरकारको मुख्य दायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारका साथै निम्नवर्गका समुदायका लागि आवासको व्यवस्थाका साथै नागरिकता विधेयकलाई अनुमोदन गराउनुपर्ने विषयमा केन्द्रीत हुनुपर्दछ ।

'इतिश्री'

# सामा-चकेबाको धार्मिक,सांस्कृतिक,सामाजिक र कलात्मक विशेषता



विजय दत्त "मणि"

प्राचीन आर्यावर्तको मिथिला,मगध,बैशाली र पाटलीपुत्र आदि राज्यहरु अर्थात आधुनिक कालमा नेपालको तराई-मधेश,भारतको विहार,झारखणड र उत्तर प्रदेशको केही भूभागमा संस्कृतीको रुपमा मनाइने सामा-चकेबा एउटा खास किसिमको लोक पर्व हो।यो पर्व कार्तिक महिनामा केवल हिन्दू समुदायका महिलाहरुद्वारा मनाइने गरिन्छ । यसमा विवाहित,अविवाहित दुवै दिदी-बहिनीले आ-आफ्नो दाजु-भाइको दिर्घ आयुष्यको कामना गर्दै सामा खेल्ने गरिन्छ।भाइ बहिनी बिचको अगाध प्रेम र असीम स्नेहले भरिएको सामा पर्वको निम्नलिखित धार्मिक,सांस्कृतिक,सामाजिक र कलात्मक विशेषताहरु रहेका छन।

**१)धार्मिक विशेषता-------**

पद्म पुराण,साम्ब पुराण जस्ता आदि ग्रन्थहरुमा सामा-चकेवाको सम्बन्धमा धैरै जसो कुरा वर्णन गरिएको भए तापनि यहाँ स्कन्द पुराणमा उल्लेख भएअनुसार संक्षिप्त कथा यस प्रकार छन-

द्वापर युगमा भगवान कृष्णको दुइटा सन्तान छोरा साम्ब र छोरी सामा(श्यामा) हुन्छन।सामा तरुनी भइसकेपछी ऋषिको रुपमा रहेका चकेबा(चारुवक्य) सङ्ग प्रेम गर्ने गर्छिन र उनिसङ्ग भेटन वृन्दावनमा जाने गर्छिन।यो कुरा थाहा पाए पछि चुगिला(चुडक) भन्ने एक खलपात्रले सामाको बुवा कृष्णसङ्ग कुरा लगाउँछ र कृष्णले छोरीलाई बोलाइ रिसको झोँकमा तिमी आज देखि चरा होउ भन्ने श्राप दिहाल्छन अनि त्यही दिन देखि सामा चराको योनीमा प्रवेश गर्छिन र वन जङ्गल भौतारिन थाल्छिन यो कुरा चकेबाले थाहा पाए पछि सामाको प्रेममा व्याकुल हुन जान्छ र सामा सङ्ग भेट्न उ पनि आफ्नो शक्ति द्वारा चराको रुप धारण गर्छ र समाको खोजीमा वन जङ्गल चहार्न थाल्छ।बहिनी सामालाई यस्तो कठोर सजाय नदिनु भनि भाइ शाम्बले बुवासङ्ग लाख याचना गरे तापनी केही सीप नलागेको देखेर शाम्ब प्रतिज्ञा गर्छन जबसम्म बहिनी सामालाई चरा योनीबाट उद्धार हुदैन तबसम्म म पनि घर नफर्किने भन्दै कठोर तपस्या गर्न थाल्छ।उनको तपस्याबाट प्रसन्न भइ भगवान कृष्ण सामालाई श्राप मुक्त गरीदिन्छन।यसरी भाइको अथक प्रयास र साधनाको प्रभावले बहिनी सामा मानव योनीमा फर्किन्छे।त्यसपछी सामा पुनः पति रुपमा स्वीकार गरिसकेका प्रेमी चकेबा सङ्ग वृन्दावनमा भेटन जाँदा वृन्दावन जानू अघि नै इर्ष्यावश चुगिलाले वृन्दावनमा आगो लगाइ दिन्छ।भाइ शाम्बले यो कुरा थाहा पाएपछी वृन्दावनको आगो निभाउँछन र चुगिलालाई समातेर सामा कहाँ ल्याउछ अनि सामाले कुरा लगाउने चुगिलालाई गाली बेइज्जती गरी अगुल्टोले मुख,जुङ्गा पोलीदिन्छिन।त्यसपछी सामा सङ्ग चकेबाको विहे हुन्छ र विदाइ गरिन्छ।

**२)सांस्कृतिक विशेषता-----**

कार्तिक महिनाको शुक्ल पक्ष पंचमी तिथि देखि पुर्णिमा सम्म सामा-चकेबा पर्व मनाइन्छ।हुन त यो पर्व द्वितीया तिथि देखी नै प्रारम्भ भएको मान्न सकिन्छ। द्वितीया तिथिमा महिलाहरुले एका विहानै समूहमा भेला



भइ गोवर्धन पूजागरि हस्त निर्मित एक किसिमको गोबरको भाँडोमा केराउको दाना(बजरी)राखी गोधन कुट्ने गर्छिन र भाइलाई खुवाउन बजरी संग्रह गर्ने गर्छिन।गोधन कुटे पछि सामा र छठको गीत गाउँदै बाँसको टोकरी र खुर्पा लिई पवित्र ठाउँको माटो लिएर घर फर्किन्छिन सो माटोले छठ-खरनाको लागि चोखो पानी मिसाएर चुल्हो र सामा बनाउने गर्छिन।सामा-चकेबाको मुर्तीहरु खरनाकै दिन बनाउन शुरु गररिन्छ।यी मुर्तिहरु बनाउनका लागि माटो, बाँसको कप्टेरो,सन(जूट),जौ,कौडी,सिक्कि र करजन्नी( एक प्रकारको लहराबाट प्राप्त हुने फल)चाहिन्छ।यसमा विभिन्न नामका पात्रहरुको प्रतिकात्मक मुर्तिहरु हुन्छन, जस्तै-सामा, चकेबा,वृन्दावन,चुगिला,सतभैया,भैया बटतकनी, मयुर, वनतितिर,खरलिच,झाँझी कुकुर,मलिनीया, ढोलकीया,बजनीयाँ लड्डु बेचनी,कहरीया,भरीया,चुगिलाकी पत्नी आदि। खरनाको दिन सम्पूर्ण मुर्ति बनाउन सम्भव नभए तापनि खासगरी सामा,चकेबा,वृन्दावन र चुगिला बनाउन अनिवार्य हुन्छ।एघार दिन सम्म मनाउँदै गरी रहने क्रममा सम्पूर्ण मुर्ति पात्र र यससङ्ग सम्बन्धित सामग्रीहरु

जस्तै-घरायसी सामान,भाँडा,कुँडा,पौती-पेटारी इत्यादि माटाकै बनाइ हाल्नु पर्छ।यी सबै मुर्तिहरु लाई लहरै सजाएर एउटा टुकी बाली बाँसको टोकरी(डाला)मा राखिन्छ।सामा पर्व बिहे भएका चेली बेटीहरु प्रायः माइतमा आएर नै खेल्ने गर्छिन।यो रातको समयमा खुल्ला आङ्गन,खलिहान,चोक एवम् चौतारीमा खेलिन्छ।सामालाई घर भित्र राख्न वर्जित हुन्छ।सामालाई देउताको रुपमा मानिने चलन भएकोले आङ्गनको पवित्र ठाउँमा राखिन्छ।राती खाना खाइसके पछि दिदी बहिनीहरु आ-आफ्नो घरबाट टाउकोमा डाला राखी गीत गाउँदै बाहिर निस्कने गर्छिन।गीत बिनाको सामा खेल्न असम्भव भएकोले एक ठाउँमा भेला भइ सामुहिक स्वरमा दाजु-भाइको आरोग्य,ऐश्वर्य र प्रशंसा भाव मिश्रित भएका अनेक मौलिक गीतहरु गाइन्छ।यसमा गाइने गीतहरुको क्रम विधिगत तरिकाले हुन्छ।सबभन्दा पहिले घर देउताको अराधना,वन्दना गीत त्यसपछि दाजु- भाइको दिर्घायु कामनाको गीत,त्यसपछी वृन्दावन डढाउने र निभाउने गीत र त्यसपछी चुगिलाको जुङगा पोली कालो मोसो दल्ने,गाली गर्ने गीत एवं हास परिहासका गीतहरु गाइन्छ।खेलको अन्त्यमा बहिनीहरु वृताकार बसेर आफ्नो डाला अर्को लाई अर्काको डाला आफुले गीत गाउदै घुमाउने गर्छिन जसलाइ डालाफेर भनिन्छ।

खेली सकेपछि सामालाइ नयाँ धान र दुबो खाना खुवाइ शीत पान गर्न आङ्गनमा राखिन्छ।दाजु भाइ नभएको दिदी बहिनीहरु सामाको बेला उदास हुन्छिन र भाइको लागि देउताहरु सङ्ग भाकल गर्ने गर्छिन । सामालाई छोरीको रुपमा हेरिने भएकोले विसर्जन(भसान) हुनु भन्दा पाँच दिन पहिले देखि विदाइ गीत गाइन्छ।विसर्जनको दिन आङ्गनमा अरिपन बनाइ सजाएर राखिन्छ।दहि चिउरा(नवान्न) सक्करको भोग लगाइन्छ र सामाका जुठो प्रसादको रुपमा खाने गरिन्छ।अनि दिदी बहिनीले दाजु भाइको गमछामा पाँच मुट्ठी चिउरा र भुसवा राखी दिन्छन जसलाई फाँर भर्नु भनिन्छ।

दाजु-भाइलाई अरिपनले सजिएको पिर्कामा बसाइ मुख्य मुर्ति सामालाई खोइँछ भरिन्छ र मुख्य सामा बाहेक अन्य सबै मूर्तिलाई धुँडामा राखेर फोडन लगाइन्छ।त्यस बापत दाजु-भाइले इनाम बख्सीसको रुपमा दिदि-बहिनीलाई यथाशक्य लुगा,गहना र नगद दिने गर्छन।अनि दिदी-बहिनीले गोवर्धन पूजाको दिन संग्रह गरेको केराउको दाना(बजरी) आफ्नो हातले खुवाइ तिम्रो काया(जिउ) बज्र जस्तो होस, निरोग होस भनी आशीर्वाद दिने गर्छिन। यो कार्य सम्पन्न भएपछि चुडिएका सम्पूर्ण सामाकृतिलाई सजिएको डालामा राखी भसान गर्नका लागि लगिन्छ।भसान गर्ने दृष्य आनन्द र रमिताले भरिएको हुन्छ। पुर्णीमाको उज्यालो रातमा अगाडि पछाडि भाइहरुको जमात रक्षकका रुपमा र दिदी बहिनीहरु समुहको बिचमा ठूलो स्वरमा बाजा गाजाका साथ वियोगान्त र बटगमनी गीत गाउँदै बाटो हिड्दै जान्छिन र यो साल कुन दिशामा भसान गर्ने भनी मुहुर्त पात्रोले निर्धारण गरेको हुन्छ। त्यही दिशामा गई भसान गर्ने ठाउँको चारै तिर सबैले चार-चारवटा मशाल गारी दिने गर्छिन।जोतेको (कूँड)खेत वा खोलाको किनारमा भसाइन्छ र हे सामा! अगामी साल फेरि फर्की आउनु भन्दै सबै ललनाहरु उदास मन लिएर आ-आफ्नो घर फर्कन्छिन।

३)सामाजिक विशेषता-------सामाका समस्त पात्रहरु सामाजिक परिवेशमा गाँसिएका हुन्छन।सामालाई दिदी बहिनी अथवा छोरीको रुपमा,खरलिचलाई दाजु भाइको रुपमा र चुगिला खलपात्रलाई सोल्टाको रुपमा हेर्ने प्रचलन छ।गीत गाउँदा बहिनीको ठाउँमा आफ्नो बहिनीको,भाइको ठाउँमा आफ्नो भाइको र चुगिलाको ठाउँमा सोल्टाको नाउँ लिइ गीत गाइन्छ।यसमा भाइ बहिनी बिचको अटुट सम्बन्ध दर्साइएकोछ। बहिनीलाई समय परेको बेला विपदबाट मुक्ति दिलाउन भाइले जेसुकै गर्न तयार हुन्छ भनी सन्देश दिन खोजिएकोछ।भाइको वीरता,उदारता र बहिनी प्रतिको निःस्वार्थ प्रेम प्रगाढता देखाइएकोछ।अर्को अर्थमा हेर्ने हो भने परम्परागत संकिर्ण भावनालाई परिवर्तन गरी स्वतन्त्रता दिने तर्फ उन्मुख गराइएको देखिन्छ।सामाजिक परिबन्धका कारण महिलाले स्वतन्त्र रुपमा खुलेर आफ्नो विचार राख्न नपाउने,आफ्नो स्वेच्छाले आफ्नो जीवन प्रतिको निर्णय गर्न नपाउने जस्ता महिला हिंसाका कुराहरुलाई यसमा प्रतिकार गरिएकोछ। समाजमा असल विचार भएको मानिसलाई आदर,प्रशंसा र कुविचार भएकोलाई गाली र घृणा गर्ने गरिन्छ भन्ने कुरा छर्लङ्ग गरिएको छ।सामालाई छोरीको रुपमा हेरिने भएकोले उसलाई अत्यन्त कोमल र आदरका शब्द भावहरु गीतहरुमा व्यक्त गरिएको हुन्छ।एक दिन पनि नविराइकन एघार दिनसम्म अखण्ड रुपमा प्रत्येक रात सामा खेलिने गरिन्छ।एक दिन पनि विराउनुको अर्थ सामा उपवास(भोकै) बस्नु भनिन्छ। त्यसकारण प्रत्येक दिन सामा खेली सकेपछी मुर्तिहरुलाई धान र शीतको थोपा खुवाइन्छ। सामा विदाइ हुँदा छोरीको विदाइमा ससुराली जाँदा माइतीबाट दिइने आवश्यक घरायसी सामग्री तोषक,तकिया पलङ्ग,लुगा कपडा,गर गहना,भान्छामा प्रयोग हुने सबै भाडा,वर्तन,दराज,बाकस,पौती,पेटारी लागायत इत्यादि सबै वस्तु माटाकै बनाइ त्यसमा खद्यान वस्तु चामल,दाल पिठो,चिउरा,गेडागुडी तथा तरकारी समेत दिई इज्जत साथ विदाइ गरिन्छ।सामा चकेबा खेल भित्र एउटा वृहत् सामाजिक परिवेश रहेको हुन्छ।यसमा भाइ बहिनी लगायत सालो,भेनाजु,पति,पत्नी सखी,सहेली,भरिया कहरिया,ढोलिया,बजनीया,मलिनीया लड्डु बेच्ने आदि पात्रहरु हुन्छन।

४)कला विशेषता--------सामा चकेबामा कला पक्षको अद्भुत र विलक्षण संगम रहेको पाइन्छ। यो मौलिक लोक कलामा अधारित हुन्छ।यसमा हस्त कला,मुर्ति कला र गायन कलाको उपस्तिथि रहेको हुन्छ।परम्परागत रुपमा हुँदै आइरहेको सामा चकेबा पर्वलाइ आधुनिकताले कुनै असर गरेको पाइँदैन। यसमा गाइने गीत र मुर्ति कला सीप सिक्न प्रशिक्षणको आवश्यक्ता हुदैन।यो एक पुस्ताबाट अर्को पुस्तामा सहजै हस्तान्तरण हुँदै जान्छ।सामा गीतहरुको लय,धून आफ्नै कसिमको हुन्छ।यो गीत अन्य समयमा नगाइकन केवल सामा पर्वकै बेलामा गाइन्छ।यसमा प्रयोग हुने सम्पूर्ण कला सामग्री प्राकृतिक र न्यून खर्चिलो हुन्छ,जुन आफ्नो वरिपरिका वातावरणबाट सहजै उपलब्ध गर्न सकिन्छ।सामाका मुर्तिहरुको स्वरुप संरचना अनौठो किसिमको प्राचीन कला हो।माटो मुछि मुछि बनाइने यी मुर्तिहरुको जिउ हुदैन।पिर्का बनाइ मुर्तिका घाँटी टाँसिएर अनुहार बनाइएको हुन्छ।आँखा, नाक,मुख र कानको वनावट आफ्नै किसिमका हुन्छन।मुर्तिहरुलाई मुकुट पनि लगाइएको हुन्छ।मुकुट सिङ्गार्न जौका दानाहरु टासिंएको हुन्छ।मुख्य मुर्तिहरुको कपाल जुटले मुख,ओठ,कौडीले,आँखाको नानी करजन्नीले बनेको हुन्छ।सबै मुर्ति एकै नासको देखिएकोले लिङ्ग भेद छुट्याउन पुरुष पात्रलाई जुङ्गा र पगडी बनाइ दिने गरिन्छ।भाइ प्रतीक भएका मुर्तिहरुलाई माटाकै छाता बनाएर ओढाइन्छ।वृन्दावन भनेको एक किसिमको जङ्गल हो तर यसलाई मानवीयकरण गरिएको हुन्छ र यसको टाउकोमा एक मुठ्ठो सिक्की(एक किसिमको घाँस) घुसारेको हुन्छ।स्मरणीय के रहेछ भन्ने सामाका प्रायःपात्रहरुको आकृति चराको स्वरुपको हुन्छ।पात्र र शैली एउटै भए तापनि गाउँ,ठाउँ,जात र व्यक्ति पिच्छे यसको आकार प्रकार फरक हुन जान्छ।सामाका मुर्तिलाई रङ्ग रोगन गर्न र अरिपन बनाउन पिठारको प्रयोग गरिन्छ।प्राय रातो रङ्गको लागि गेउर रङ्ग(एक किसिमको माटो )को प्रयोग गरिन्छ। यि सबै मुर्तिहरु हस्तकला द्वारा निर्मित टोकरी(डाला)मा राखिन्छ।जुन डोम समुदाय द्वारा बाँसले तयार पारिएका हुन्छन।

# संविधान रक्षाका लागि हो गठबन्धन : प्रधानमन्त्री

डडेल्धुरा । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्ता गठबन्धन वर्तमान संविधानको रक्षाका लागि निर्माण भएको र हाल सफलताका साथ अघि बढिरहेको बताउनुभएको छ । आइतवार डडेल्धुराको आलिताल गाउँपालिकामा आयोजित



चुनावीसभामासम्बोधनगर्दैप्रधानमन्त्री देउवाले तत्कालीन प्रधानमन्त्री केपी ओलीले आफ्नो लहडमा पटकपटक संसद् विघटन गरेकाले संविधानको रक्षाका लागि गठबन्धनका सबै नेता मिलेर आफूलाई प्रधानमन्त्री बनाएको प्रसङ्ग उल्लेख गर्नुभयो ।

"अहिलेको सरकार गठबन्धनको सरकार हो", उहाँले भन्नुभयो, "गठबन्धन विजयी भएमात्रै लोकतान्त्रिक गणतन्त्र र समावेशी राजनीतिलाई बचाउन सकिन्छ ।" वर्तमान अवस्थामा बिग्रेको राजनीति बचाउन प्रतिनिधिसभा र प्रदेशसभामा गठबन्धन विजयी हुन आवश्यक रहेको उहाँको भनाइ छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दुई पटक संसद् विघटन गरेपछि गठबन्धन बनेको प्रधानमन्त्री देउवाको भनाइ थियो । "संसद् विघठन गर्दा हामी सबैलाई डर लाग्यो, प्रजातन्त्र कमजोर पार्ने काम गर्न थाले", देउवाले भन्नुभयो, "संविधानमा प्रधानमन्त्रीको लहडबाजीको संसद् भङ्ग हुनसक्ने व्यवस्था छैन, त्यसैले हामीले सबै पार्टी एक भएर त्यसको विरोधमा गयौं ।"

डडेल्धुराका जनताले मत दिएर सहयोग गरेर आफू पाँच पटक मुलुकको प्रधानमन्त्री भइसकेको बताउँदै देउवाले आलिताल भित्रिमधेसको विकास, सडक पूर्वाधार निर्माण र तटबन्ध निर्माणका लागि सरकारले काम गर्ने जानकारी दिनुभयो । "पारिगाउँ महाकाली नदीमा पुल बनाउने विषयमा पनि भारतीय प्रधानमन्त्रीसित कुराकानी भएको छ", उहाँले भन्नुभयो, "त्यहाँ सम्भाव्यता अध्ययन गर्छौं, मिले पक्की पुल नभए झोलुङ्गे पुल भएपनि बनाउनेछु ।"

उहाँले माओवादी नेता भट्ट यहाँबाट निर्वाचन जिते यही गठबन्धन कायम रहे सुदूरपश्चिमको मुख्यमन्त्री बन्नसक्ने धारणा राख्नुभयो । त्यसैगरी कार्यक्रममा प्रधानमन्त्री पत्नी तथा कांग्रेस केन्द्रीय सदस्य डा आरजु राणा देउवाले मुलुकका हरेक काममा महिलाको प्रतिनिधित्व बढिरहेको बताउनुभयो । "संविधान रक्षाका लागि हामी अहिले चुनावी मैदानमा छौं", उहाँले भन्नुभयो, "संविधान बने पनि धेरै काम गर्न बाँकी छ, यो गठबन्धनले जित्न आवश्यक छ ।"

कार्यक्रममा गठबन्धनका डडेल्धुरा प्रदेशसभा 'क' का उम्मेदवार माओवादी नेता खगराज भट्ट, नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महर, नेकपा (एकीकृत समाजवादी) का पोलिटब्युरो सदस्य निरा जैरु लगायतले आफ्ना धारणा राख्नुभएको थियो ।रासस

# स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच हुनुपर्छ : राष्ट्रपति भण्डारी

सोलुखुम्बु । राष्ट्रपति विद्यादेवी भण्डारीले स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचमा राज्यले जोड दिनुपर्ने बताउनुभएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा जाने मार्ग सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-३ फाक्दिङमा आइतवार १५ शय्याको 'हिमालयन शेर्पा अस्पताल'को उद्घाटन गर्नुहुँदै उहाँले संविधानमै स्वास्थ्य सेवा लिन पाउने सबै नागरिकको हक स्थापित गरिएकाले स्वास्थ्यमा सबैको पहुँच हुनुपर्ने उल्लेख गर्नुभयो ।



राष्ट्रपति भण्डारीले राज्यले स्वास्थ्य र शिक्षामा विशेष जोड दिनुपर्ने बताउनुभयो । स्थापित यस असपतालबाट स्थानीय नागरिकका साथै आन्तरिक र विदेशी पर्यटकलाई ठूलो मद्दत पुग्ने पनि उहाँले बताउनुभयो । अस्पताललाई आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापनमा ध्यान दिन पनि उहाँले आग्रह गर्नुभयो । यसका लागि स्थानीय तहको सहयोग जरुरी भएको राष्ट्रपति भण्डारीको भनाइ थियो ।

सामाजिक भावना राखी गाउँमै अस्पाताल खोलेर स्थानीयलाई निःशुल्क सेवा दिने काम सराहनीय भएको उहाँले बताउनुभयो । नजिकै अन्य अस्पताल नहुँदा सुत्केरीले पाउने पीडा कम गर्न अस्पतालबाट सहयोग पुग्नेमा आफू आशावादी रहेको राष्ट्रपति भण्डारीले विश्वास व्यक्त गर्नुभयो । स्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारलाई अस्पतालले प्रत्याभूति गरेको उल्लेख गर्दै उहाँले सरकार, निजी क्षेत्र र दातासित सहकार्य र समन्वय गरी अघि बढ्नुपर्ने सुझाव दिनुभयो ।

सोलुखुम्बु पर्यटनको साङ्ग्रिला भएको उल्लेख गर्दै उहाँले यस क्षेत्रमा रहेका ठूला हिमाल, भौगोलिक बनावट, जैविक र प्राकृतिक विविधताको लाभ लिनुपर्ने बताउनुभयो । पछिल्लो समय जलवायु परिवर्तनका कारण गगनचुम्बी सेता हिमाल काला पहाडमा परिणत भइरहेकोप्रति चिन्ता व्यक्त गर्दै राष्ट्रपति भण्डारीले त्यसतर्फ सचेत जरुरी रहेको उल्लेख गर्नुभयो ।

वैज्ञानिक अध्ययन अनुसन्धानका साथै आफ्नै आँखाले पनि जलवायु परिवर्तनको असर प्रत्यक्षरुपमा देख्न पाइएको उहाँको भनाइ थियो । वातावरण जोगाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्ष सबैले मिलेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रियसभाका सदस्य सोनाम गेल्जेन शेर्पा स्वास्थ्य सेवा सबैको मौलिक अधिकार भएको बताउनुभयो । अबका दिनमा उपचारमा मात्र ध्यानकेन्द्रित नगरी स्वास्थ्य शिक्षामा ध्यान आवश्यक भएको उहाँले बताउनुभयो । नागरिकलाई बिरामी हुन नदिनु नै प्रमुख कुरा भएको उल्लेख गर्दै त्यसतर्फ सबै सचेत हुन आवश्यक भएको बताउनुभयो । खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष मिङ्मा छिरिङ शेर्पाले विकट क्षेत्रमा अस्पतालको आवश्यकता रहेका बेला हिमालयन शेर्पा फाउण्डेशनले स्थापना गरेको यस अस्पतालबाट नागरिकलाई ठूलो राहत पुगेको बताउनुभयो । यसबाट गाउँपालिकाका ११ वटा गाउँका १० हजारभन्दा बढी नागरिकलाई उपचार गर्न सहज हुने बताउनुभयो ।

आर्थिक अवस्था कमजोर भएको गाउँपालिकामा बिरामी उपचार गर्न समस्या भएका बेला अस्पताल स्थापना हुँदा स्थानीयलाई राहत मिलेको उहाँले उल्लेख गर्नुभयो । सबैभन्दा बढी फाइदा स्थानीयका साथै यहाँ घुम्न आउने पर्यटकलाई भएको उहाँको भनाइ थियो । सो अवसरमा अस्पतालका संस्थापक हिमालयन शेर्पा फाउण्डेशनका अधयक्ष पर्यटन व्यवसायी फुर्वा ग्याल्जेन शेर्पाले अस्पताल स्थापना गर्नुको उद्देश्यबारे राष्ट्रपति भण्डारीलाई जानकारी गराउनुभएको थियो । स्थानीय र पर्यटकले उपचार अभावमा ज्यान गुमाउनु परेको अवस्थालाई ध्यानमा राख्दै अस्पताल स्थापना गरेको उहाँको भनाइ थियो । पर्यटक लेक लागेर बीचमै भ्रमण गर्ने इच्छा त्यागेर आफ्नो देश फर्किने गरेका तथा स्थानीय लेक लागेर ज्यानै गुमाउनुपर्दाको अवस्थाबारे उहाँले राष्ट्रपति भण्डारीसमक्ष अवगत गराउनुभएको थियो । बिरामीलाई घण्टौं टाढा लुक्ला अस्पताल लैजानुपर्दाको पीडाबाट प्रभावित भई अस्पताल स्थापना गरेको उहाँले बताउनुभयो ।

यसका लागि विदेशी दाताहरुको सहयोग महत्वपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो । पर्यटन व्यवसायी शेर्पा परिवारले व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत खुम्बु पासाङल्हामु गाउँपालिकाको फाक्दिङमा सुविधायूक्त १५ शय्याको अस्पताल निर्माण गरेको हो । यो अस्पताल निर्माण गर्न करिब रु २० करोड लगानी भएको हिमालय शेर्पा फाउन्डेसनकी उपाध्यक्ष कान्छी फुटी शेर्पाले जानकारी दिनुभयो । अस्पताल कोङ्दे हिमालको काखमा (दुई हजार ६१० मिटर) उचाइमा अवस्थित छ । सामाजिक क्षेत्रमा काम गर्नका लागि शेर्पा परिवारले फाउन्डेसन स्थापना गरेको हो । स्थानीयलाई निःशुल्क र विदेशीलाई सहुलियत शुल्क लिएर उपचारको थालनी आइतवारैदेखि गरिएको संस्थापक शेर्पाले बताउनुभयो । नाफा कमाउने उद्देश्यले नभई स्थानीयलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन खोलेको शेर्पाको भनाइ छ । अस्पताल सञ्चालन तथा व्यवस्थापन फाउन्डेसनले गर्नेछ । उपचारबाट आउने रकम फाउन्डेसनका नाममा रहने र सोही रकमबाट चिकित्सकलाई तलबसहित अन्य सेवासुविधा उपलब्ध गराइनेछ ।

यस अस्पतालमा अल्टिच्युड, फुड पोइजन, चोटपटक लागेका स्वदेशी तथा विदेशी पर्यटकको उपचार हुनेहुँदा यस क्षेत्रको पर्यटन पनि लाभान्वित हुने अपेक्षा गरिएको छ । अहिलेसम्म यस क्षेत्रका बासिन्दा बिरामी पर्दा नाम्चे उक्लनुपर्ने वा लुक्ला झर्नुपर्ने बाध्यता थियो । जुलाई, २०१७ मा नै शिलान्यास गरिएको अस्पताल कोभिड-१९ का कारण निर्माणमा ढिलाइ भएको शेर्पाले बताउनुभयो । जर्मनीका नागरिक डा मथेस बाउमेनले रु पाँच करोड र अन्य दाताबाट थप रु दुई करोड सहयोग प्राप्त भएको संस्थापक शेर्पाले जानकारी दिनुभयो । हाल अस्पतालमा एक जना डाक्टर र तीन जना स्वास्थ्यकर्मी कार्यरत छन् ।

अस्पतालमा एक वर्षभित्र अक्सिजन प्लान्ट पनि सञ्चालनमा ल्याइने योजना छ । त्यसका लागि रु ५० लाख रकम खर्च हुने बताइएको छ । एकातर्फ यहाँको अस्पताल टाढा रहेको भए पनि हिँडेरै जानुपर्ने र अर्कातर्फै मौसम खराबी हुँदा काठमाडौँसम्म बिरामीलाई लैजानसमेत समस्या भइरहेको थियो ।रासस

# केरुङ्गे खोलाको समस्या समाधान गर्ने डा कोइरालाको प्रतिबद्धता

मध्यविन्दु । नेपाली काङ्ग्रेसका नेता डा शशाङ्क कोइरालाले केरुङ्गे खोलाको समस्या समाधान गर्न आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोती नगरपालिका वडा नम्बर ४ र ५ जोड्ने केरुङ्गे खोलामा वर्षेनी आउने बाढीका कारण स्थानीयवासीले दुःख पाउँदै आएका छन् । नवलपुर क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार कोइरालाले केरुङ्गे खोलाको अनुगमन गरी समस्या समाधान गर्ने आश्वासन दिनुभएको हो । खोलाको दुबै छेउमा पाँच/पाँच सय मिटरको ड्याम बाध्नुपर्नेमा ५० मिटर मात्रै छेकबार लगाइएको छ ।

स्थानीय रमिला भुजेलले खोलामा ड्याम नहुँदा बर्खामा बाढीले धनजनको क्षति हुनुका साथै स्थानीयवासी डर र त्रासमा बस्नुपर्ने बाध्यता रहेको बताउनुभयो । डा कोइरालासँग नेकपा (एमाले)का लागि कृष्ण पौडेल प्रतिस्पर्धामा हुनुहुन्छ ।रासस

# निर्वाचनपछि कांग्रेस नेतृत्वमा स्थायी सरकार : प्रवक्ता महत

दोधारा चाँदनी । नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले आगामी मङ्सिरमा हुने निर्वाचनपछि नेपाली कांग्रेसको नेतृत्वमा स्थायी सरकार निर्माण हुने बताउनुभएको छ । प्रवक्ता डा महतले भन्नुभयो, "लामो समयदेखि अवरुद्ध विकास प्रक्रियालाई गति दिन तथा नेपालको समृद्धिका लागि पनि कांग्रेसको नेतृत्वमा सरकार आवश्यक छ र आगामी निर्वाचनपछि यस्तो सरकार बन्छ ।"

आइतबार महेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "विभिन्नरुपमा संविधानको मूल मर्ममाथि प्रहार हुन थाल्यो । प्रतिगामी विभिन्न बहानामा सल्बलाउने जस्तो देखियो र नेपाली जनताले नै वर्तमान सरकारको चाह गरेका हुन् । अब पनि संविधानको रक्षा र देशको विकास गर्नु छ, हाम्रो यही दायित्व बहन गर्न कांग्रेस नेतृत्वको सरका आवश्यक हो ।"

प्रवक्ता डा महतले यो निर्वाचन सबैका लागि कोसेढुङ्गा सावित हुने पनि बताउनुभयो । उहाँले निर्वाचनपछि मुलुकमा स्थायी सरकार बन्नेमा जोड दिनुभयो । उहाँले निर्वाचनमा कांग्रेस नेतृत्वको वर्तमान सत्ता साझेदार दलको गठबन्धनले नै स्पष्ट बहुमत हासिल गर्ने बताउनुभयो । "यो निर्वाचनमा स्पष्ट बहुमत कांग्रेसको पक्षमा आउँछ र कांग्रेसकै नेतृत्वमा सरकार पनि बन्छ ।" उहाँले भन्नुभयो, "हिजो संसद्मा नेपाली कांग्रेस थोरै सिटका साथ उपस्थित थियो र पनि नेपाली जनता तथा कांग्रेसबाहेकका अन्य पार्टीले कांग्रेसकै नेतृत्वको अपेक्षा गरे भने अबको चुनावपछि त कांग्रेस पहिलो पार्टी नै बन्ने निश्चित छ ।" प्रवक्ता महतले नेपाली कांग्रेसले आगामी चुनावमा समानुपातिकमा मत प्रतिशत पहिलेको तुलनामा धेरै बढाउने बताउनुभयो । रासस

# शैक्षिक कार्यक्रमबारे प्रहरी श्रीमती सङ्घ र प्याब्सनबीच सम्झौता

काठमाण्डु । नेपाल प्रहरी श्रीमती सङ्घ र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) बीच बहालवाला प्रहरी कर्मचारीका परिवार, अमर प्रहरी परिवार तथा पूर्वप्रहरी परिवारका सन्ततीहरूलाई प्याब्सनमा आबद्ध सदस्य विद्यालयहरूमा छात्रवृत्ति तथा भर्ना शुःल्कसम्बन्धी सम्झौता भएको छ ।

सम्झौतापत्रमा प्याब्सनमा सदस्य विद्यालयहरूमा विद्यालय शिक्षा कक्षा १ देखि १२ सम्म छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने र एक सदस्य विद्यालयले एक विद्यार्थीलाई पूर्ण दिवा छात्रवृत्ति उपलब्ध गराउने तथा छात्रवृत्तिमा समावेश नभएकाको हकमा भर्ना शुःल्क नलिने गरी विद्यार्थी भर्ना गरिने उल्लेख छ । नेपाल प्रहरी श्रीमती सङ्घका तर्फबाट सङ्घकी अध्यक्ष कुसुमलता सिंह र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)को तर्फबाट अध्यक्ष डीके ढुङ्गानाले आज काठमाडौँमा उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

सङ्घका अध्यक्ष सिंहले शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका अतिरिक्त प्राकृतिक प्रकोप, आपद् विपद्मा समेत आफ्नो ज्यानको पर्वाह नगरी देश र जनताको लागि खटिएका प्रहरी कर्मचारी, अमर प्रहरी तथा पूर्वप्रहरी कर्मचारीहरूले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी प्याब्सनले प्रदान गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा समेत सङ्घ र प्याब्सनबीचको सहकार्य र समन्वय भइरहने बताउनुभयो । रासस

# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु, 'लिडर समिट'

इजिप्ट । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औँ सम्मेलन (कोप-२७)को आइतबारदेखि औपचारिक सुरुआत भएको छ । यही कात्तिक २० देखि भएको सम्मेललन मङ्सिर २ गते (नोभेम्बर ६ देखि १८ तारिख २०२२) सम्म इजिप्टको शार्म एल-शेखमा भइरहेको छ ।

सम्मेलनको औपचारिक सुरुआत भए पनि मुख्य कार्यक्रम लिडर समिट सोमबार र मङ्गलबार हुनेछ । उक्त कार्यक्रममा विश्वका विभिन्न राष्ट्रका राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरुले सम्बोधन गर्नुहुनेछ । सम्मेलनमा एक सय ९७ पक्ष राष्ट्रका करिब ३० हजार सरकारी अधिकारी, गैरसरकारी संस्था पदाधिकारी, अनुसन्धानकर्ता, वन वातावरण विषयका विज्ञ, नागरिक समाज र सञ्चारकर्मीलगायतको सहभागिता रहेको बताइएको छ ।

नेपालले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीको नेतृत्वमा सहभागिता जनाएको छ । मन्त्री रेग्मीसँगै सम्मेलनका औपचारिक र अनौपचारीक बैठक तथा साइडलाइन वार्ताहरुमा वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेल, सहसचिव र अन्य सरकारी प्रतिनिधिहरुले सहभागिता जनाउनुहुने छ ।

यस सम्मेलनको विज्ञानमा आधारित चुनौती र 'रियो' १९९२ देखि 'ग्लास्गो' २०२१ (कोप २६) सम्म भएका सम्झौता, निर्णय र प्रतिबद्धतामा आधारित भएर समावेशी र महत्वाकाङ्क्षी परिणामहरू दिने लक्ष्य तथा उद्देश्य रहेको छ । साथै उत्सर्जन न्यूनीकरण, अनुकूलन प्रयासहरूलाई बढावा दिने र उपयुक्त वित्तको बढ्दो प्रवाहको माध्यमबाट




विश्वव्यापी जलवायु कार्यलाई गति दिनेसमेत सम्मेलनको लक्ष्य कोपको सचिवालयले जनाएको छ ।

सम्मेलनमा पृथ्वीको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा कायम गर्ने मार्गमा विश्वका सबै राष्ट्रहरू एक्यबद्ध हुने, यस वर्ष ग्लास्गो प्याक्टको कार्यान्वयन र राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) र न्यूनीकरणका महत्वाकाङ्क्षी लक्ष्यका कार्य योजना तयार गर्ने, अनुकूलनका विश्वव्यापी लक्ष्यमा सहमत हुने र कोप २६ मा सहमत भएको अनुकूलन वित्तको कार्यान्वयन गर्ने बारेमा छलफल र निर्णय हुनेछ ।

यसबाहेक कोप-२७ मा वित्तसम्बन्धी सबै एजेन्डा अगाडि बढाई जलवायु वित्तका विषयमा महत्वपूर्ण प्रगति गर्ने, सन्तुलित रूपमा ठोस नतिजाहरू प्राप्त गर्न वार्तामा सम्झौतालाई सुधार र सहजीकरण गर्नु, हानिनोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क), हानि तथा नोक्सानी सुविधा सम्मेलनका 'एजेन्डा' रहेको छ ।

**सम्मेलनमा नेपालको तयारी**

कोप-२७ मा नेपालले पर्वतीय मुद्दामा नेतृत्व गर्नेछ । यसैगरी विश्वका धनी र विकसित राष्ट्रहरूलाई आफ्नो महत्वाकाङ्क्षी एनडिसिज र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति परिमार्जन गरी पुनः बुझाउन अनुरोध गर्नेछ । यसको पालनामा कोपको सचिवालयलाई सक्रिय नेतृत्वका लागि नेपालले पैरवी गर्ने वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा बुद्धिसागर पौडेलले बताउनुभयो ।

नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्ने, शार्म एल-शेख कार्ययोजना तयार हुनुपर्ने विषय पनि प्राथमिकतामा राखेको छ । नेपाल जस्तै अति कम विकसित देशहरू र साना टापु विकासशील राज्यहरूले हरित जलवायु कोष र अन्य कोषहरूमा विशेषगरी आवेदन प्रक्रियाहरूको सरलीकरण र क्षमता अवरोधहरू हटाउन, जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्तरूपमा नेपालले बहस तथा पैरवी गर्नेछ ।

त्यस्तै अल्पविकसित राष्ट्रहरूको समूह र जी ७७ र चाइनाको समूहले हानि तथा नोक्सानी वित्तको छुट्टै व्यवस्थाको मागलाई उठाउने छ । नेपाललगायत अल्पविकसित राष्ट्रहरु र जी ७७ र चाइनाको समूहले हानि तथा नोक्सानी वित्त भनेको थप सहयोग हुनुपर्ने र यसको यथेष्ट प्रमाणहरु भएको कुरालाई प्रस्तुत गर्नेछ । नेपालले सेन्टियागो हानि तथा नोक्सानी संयन्त्रको प्रगति र हानि तथा नोक्सानी वित्तलाई औपचारिक रूपमा एजेन्डामा राखेर हानि तथा नोक्सानी वित्त व्यवस्था सुनिश्चित गर्न पहल गर्ने मन्त्रालयले जनाएको छ ।

यसैगरी कार्बन व्यापार कार्यान्वयनमा थप प्रस्टताका लागि पहल गर्न आफूहरुले मन्त्रालयलाई सुझाव दिएको सम्मेलनमा सहभागी सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका महासचिव वृषबहादुर शाहीले बताउनुभयो । नेपालले कोप-२७ मा विकसित राष्ट्रहरूले सामूहिक रूपमा दीर्घकालीन जलवायु वित्तको लक्ष्यअनुसार सन् २०२० देखि २०२५ सम्म प्रत्येक वर्ष १०० बिलियन अमेरिकी डलर प्रदान गर्ने विषय सशक्त रुपमा उठाउनुपर्ने उहाँले बताउनुभयो ।

विकसित मुलुकहरुले सबट्रपिकल देशका वन व्यवस्थापनका लागि सन् २०२५ सम्म दिने भनी प्रतिबद्धता गरेको एक सय सात बिलियन अमेरिकी डलर रकम खर्च गर्ने मोडालिटीका तयार गरी उक्त कोषमा सिधै स्थानीय उपभोक्ताको पहुँच स्थापित हुने गरी सम्मेलनले निश्चित गर्नुपर्ने उहाँको भनाइ छ । यस सम्मेलनमा पेरिस सम्झौताको व्यावहारिक कार्यान्वयनका लागि आवश्यक निर्णय लिने ठानिएकाले पनि यो सम्मेलन महत्वपूर्ण मानिएको छ । यसका लागि थप महत्वाकाङ्क्षी लक्ष्यहरूसहित अद्यावधिक राष्ट्रिय योजनाहरूसहित बलियो प्रतिबद्धताहरू प्रदान गर्न मुलुकहरुलाई दबाब बढ्ने बताइएको छ ।रासस


मधेश प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

जनकपुरधाम, धनुषा, नेपाल

**सूचना**

मिति: २०७९।०७।२१

यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश र मातहातका कार्यालयहरुबाट संचालित सहकार्यमा प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको लागि प्राप्त प्रस्तावहरुको प्राविधिक समीक्षा गर्न कृषि, पशुपन्छी तथा मत्स्यसंग सम्बन्धित देहायका योग्यता भएका इच्छुक विषय विशेषज्ञ/प्राविधिकलाइ तपसिलका संक्षिप्त विवरण भरी आफ्नो Curriculum vitae (CV) संलग्न गरी २०७९ मंसिर १० गते भित्र यस मन्त्रालय वा email (fsdmolmac.p2@gmail.com ) मार्फत पेश गर्न हुन अनुरोध छ । सो विज्ञ/प्राविधिकहरुको रोस्टर यस मन्त्रालयले तयार गरी विज्ञ आवश्यक पर्ने प्रयोजनमा प्रयोग गर्नेछ ।

**न्युनतम योग्यता**

१. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रसंग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उतिर्ण ।
२. सम्बन्धित विषयगत क्षेत्रमा कम्तिमा ४ वर्षको कार्य अनुभव भएको ।

**संक्षिप्त विवरण**

**नाम:**
**ठेगाना:** **मो.नं.:-**
**शैक्षिक योग्यता:**
**विज्ञताको विषयहरु:-(कृषि / पशुपन्छी / मत्स्य):**
**कार्य अनुभव (वर्ष, आबद्ध संस्थाको नाम) :**
**दस्तखत:-**

**सचिव**

# ‘ब्याकस्लाइडिङ’ विरुद्ध चेतावनीसहित संयुक्त राष्ट्रसङ्घको जलवायु शिखर सम्मेलन सुरु




एएफपी

इजिप्ट । उत्सर्जन कटौतीगर्ने प्रयासमा पछि नहट्ने प्रतिवद्धतासहितसंयुक्त राष्ट्रसङ्घको जलवायु शिखर (कोप-२७)सम्मेलन इजिप्टमा आइतबारदेखि शुरु भएको छ । बितेका केही महिनामा जलवायु परिवर्तनका कारण सिर्जित विपत्तिले विश्वभरि हजारौंको ज्यान लिइसकेको छ, लाखौं विस्थापित भएका छन् र अर्बौंको क्षति भएको छ ।

पाकिस्तान र नाइजेरियामा आएको भीषण बाढीले तहसनहस बनायो, अफ्रिका र पश्चिमी संयुक्त राज्य अमेरिकामा खडेरी बढ्यो, क्यारिबियन क्षेत्रमा चक्रवात फैलियो र तीन महादेशमा अत्यधिक गर्मी बढ्यो। रेड सीको किनारामा रहेको शर्म अल शेख रिसोर्टमा आयोजित सम्मेलन युक्रेनविरुद्ध रूसको युद्ध, ऊर्जा सङ्कट, बढ्दो मुद्रास्फीति र कोभिड महामारीको लामो समयसम्मको प्रभावले भरिएको एक सङ्कटपूर्ण वर्षमा हुन लागेको हो।

तर संयुक्त राष्ट्रसङ्घका जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव सिमोन स्टिएलले सन् २०३० सम्ममा हरितगृह उत्सर्जन४५ प्रतिशतले घटाउने र १९ औं शताब्दीको उत्तरार्धमा विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्यमा आफू ‘पछि नहट्ने’ बताउनुभएको छ ।

१३ दिने शिखर सम्मेलन सुरु हुनासाथ स्टिलले भन्नुभयो,“हामी मानिसहरूलाई जवाफदेही बनाउनेछौं, चाहे उनीहरु राष्ट्रपति, प्रधानमन्त्री, कार्यकारी प्रमुख नै किन नहोउन् । उहाँले भन्नुभयो, “कार्यान्वयनको केन्द्रबिन्दु भनेको जलवायु सङ्कटलाई सम्बोधन गर्न हरेक दिन विश्वका सबै ठाउँबाट सबैले सक्दो प्रयास गरिरहेका छन् ।’

यस दशकको अन्त्यसम्ममा कार्बन प्रदुषण १० प्रतिशतले बढ्ने र पृथ्वीको सतह २.८ डिग्री सेल्सियससम्म बढ्ने अनुमान गरिएको छ । सन् २०१५ को पेरिस सम्झौताअन्तर्गत गरिएका वाचाहरू पूरा गरिएमा तापक्रमको दश भागको केही भाग मात्र कटौति हुनेछन् । इजिप्टलाई अध्यक्षता हस्तान्तरण गर्दै कोप २६ का अध्यक्ष तथा बेलायती अधिकारी आलोक शर्माले भन्नुभयो, “मैले बुझेको छु कि विश्वभरका नेताहरूले यस वर्ष प्रतिस्पर्धात्मक प्राथमिकताहरूको सामना गरेका छन्, हामी स्पष्ट हुनुपर्छ । हाम्रो वर्तमान क्षण जति चुनौतीपूर्ण छ, निष्क्रियता अदूरदर्शी छ र यसले जलवायु विपत्तिलाई मात्र रोक्न सक्छ ।’

उहाँले भन्नुभयो,“विश्व समुदाय र नेताहरूलाई जागरूक पार्न वास्तवमा कति आह्वान आवश्यक छ ?’संयुक्त राष्ट्रसङ्घको विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) ले चेतावनी जारी गर्दै विगत आठ वर्ष समुद्रको सतह बढेको, हिउँ पग्लने र तातो हावाका कारण अहिलेसम्मकै सबैभन्दा बढी गर्मी हुने समय बनेको जनाएको छ ।

संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरेसले जारी गरेको विज्ञप्तिमा भनिएको छ,“ हाम्रो ग्रहले सङ्कटको सङ्केत दिइरहेको समयमा कोप-२७ सुरु भएको छ । उहाँले सबैले आ-आफ्नो स्थानबाट जलवायु समस्यासँग जुझ्न पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

# एफडीआई आकर्षित गर्न उदारीकरण आवश्यकः श्रीलङ्काली राष्ट्रपति

सिन्ह्वा

कोलम्बो । श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले प्रत्यक्ष विदेशी लगानी (एफडीआई) आकर्षित गर्न देशको सेवा क्षेत्रलाई क्रमशः उदारीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको राष्ट्रपतिको मिडिया डिभिजन (पीएमडी) ले आइतबार उल्लेख गरेको छ ।

राष्ट्रपतिले हालसम्मको विश्वको सबैभन्दा ठूलो स्वतन्त्र व्यापार सम्झौता क्षेत्रीय बृहत् आर्थिक साझेदारीमा सदस्यता लिनका लागि कदम चाल्नुपर्ने बताउनुभएको छ । राष्ट्रपतिको सचिवालयमा राष्ट्रिय व्यापार वार्ता समितिका पदाधिकारीहरूसँगको भेटमा विक्रमासिङ्घेले सो कुरा बताउँनु भएको हो । राष्ट्रपतिद्वारा स्वतन्त्र व्यापार वार्ता, अन्तरराष्ट्रिय व्यापारको भावी दृष्टिकोण र नीतिगत प्राथमिकताहरू पङ्क्तिबद्ध गर्ने महत्त्वका बारेमा कुराकानी भएको समेत बताइएको छ।

उहाँले अन्तरराष्ट्रिय व्यापारिक गतिविधिको विस्तारसँगै स्थानीय उद्योगलाई प्रतिस्पर्धामा समायोजन गर्न सरकारले व्यापार समायोजन कार्यक्रम लागू गर्ने पनि उहाँले उल्लेख गर्नु भएको छ । क्षेत्रीय र विश्वव्यापी आपूर्ति शृङ्खलाहरूमा पहुँच र निर्यात र निर्यातमुखी वैदेशिक प्रत्यक्ष लगानी बढाउन विश्वव्यापी अर्थतन्त्रसँग पुनः संलग्नता आवश्यकता रहेको र घरेलु अर्थतन्त्रलाई पुनरुत्थान गर्न सरकारको आर्थिक सुधार कार्यक्रमको अनिवार्य रहेको उहाँको धारणा छ । पछिल्लो समय श्रीलङ्काले चरम आर्थिक सङ्कट बेहोरिरहेको छ।

# दिवङ्गत खेलाडीको शालिक निर्माणमा सरकारले सहजीकरण गर्ने

पोखरा । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ज्यान गुमाउने खेलाडी निस्सिम थापाको अर्धकदको शालिक बनाउन सहजीकरण गर्ने बताउनुभएको छ ।

थापाको परिवारले बुझाएको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री नेपालीले खेलाडीका परिवारलाई क्षतिपूर्ति दिलाउन र अर्धकदको शालिक निर्माणका लागि प्रदेश सरकारले सहजीकरण गर्ने बताउनुभयो ।

गत असोज ३० गते प्याराग्लाइडिङ खेलका क्रममा थापाको मृत्यु भएको थियो । उहाँ त्रिभुवन आर्मी क्लबका तर्फबाट प्रतियोगितामा सहभागी हुनुहुन्थ्यो ।

उहाँको मृत्युपछि आयोजक संस्थाले दिवङ्गत थापालाई मानार्थ गोल्डमेडल प्रदान गरेको थियो ।

साथै उहाँको सम्मानमा पोखरा रङ्गशालामा अर्धकदको शालिक निर्माण गर्ने घोषणासमेत गरेको थियो ।

थापाको परिवारले नाममा निस्सिमका नाममा अक्षयकोष स्थापना गरी प्याराग्लाइडिङ खेलमा दुर्घटनामा पर्ने खेलाडीलाई आर्थिक सहयोग गर्नुपर्ने माग गरेको छ । साथै सबै खेलाडीको जीवन बीमा गर्नुपर्नेसमेत परिवारको माग छ ।

दिवङ्गत खेलाडी निस्सिमका बुबा प्रकाश थापाले लागि राष्ट्रिय खेलकुद परिषद् र नेपाल एअर स्पोर्टस् एशोसिएशन र नेपाल सरकारका तर्फबाट प्राप्त हुनुपर्ने बीमाबापतको रकम प्रदान गरिदिन आग्रह गर्नुभएको छ ।रासस

# युनाइटेड ब्रदर्स कालिङपोङलाई हराउँदै रारा धनकुटाको सेमिफाइनलमा

पथरी । युनाइटेड ब्रदर्स कालिङपोङ भारत बेलबारी गोल्ड कपको पहिलो खेलबाटै बहिरिएको छ । बेलबारीमा सुरु भएको पाँचौं संस्करणको बेलबारी बुद्ध एयर अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकपमा राजारानी धनकुटासँग पराजित भएको हो ।

मोरङको बेलबारी नगरपालिका-११ लक्ष्मीमार्गमा जारी प्रतियोगितामा राजारानी धनकुटाले ४-० गोल अन्तरले युनाइटेड ब्रदर्स कालिङपोङ भारतलाई हराउँदै अन्तिम चारमा आफूलाई सुरक्षित गरेको हो ।

राजारानी धकुटाको जीतका लागि खेलको ३५औं मिनेटमा छिरिङ गुरुङले गोल गर्दै खाता खोलेका थिए । पहिलो हाफमा १ गोलले पछि परेको युनाइटेड ब्रदर्स कालिङपोङले दोस्रो हाफमा सम्हालिन नसक्दा थप ३ गोल खान पुग्यो । दोस्रो हाफमा राजारानी धनकुटाका लागि खेलको ७४औं मिनेटमा गोल गर्दै अग्रता दोब्बर पारे । दोस्रो हाफमा दबाबमा रहेको युनाइटेड ब्रदर्स खेलमा फर्कन सकेन । थप गरिएको ६ मिनेटमा मनिष थापा र बुद्ध चेम्जोङले गोल गरेपछि राजारानीले खेल ४-० गोल अन्तर आफ्नो कब्जामा लियो । थापाले यमन लिम्बूले प्रहार गरेको बल भारतका गोलरक्षक रसिभ तामाङले पन्च गरेको बललाई सुन्दर गोलमा परिणत गरेका थिए भने बुद्धले ३५ याड टाढाबाट प्रहार गरेको बलले जाली चुमेको थियो ।

खेलमा निकै राम्रा अवसर पाए पनि स्कोर निकाल्न नसक्दा युनाइटेड ब्रदर्स कालिङपोङले नतिजा रारा धनकुटालाई सुम्पनु परेको थियो । खेलको ‘म्यान अफ दी म्याच’ एपिएफका राजारानी धनकुटाका बुद्ध चेम्जोङ घोषित हुँदै नगद रु पाँच हजार प्राप्त गरे । सोमबार आयोजक डाँगीहाट फुटबल क्लब र एपिएफ क्लब काठमाडौंबीच प्रतिस्पर्धा हुनेछ ।

गोल्डकप कात्तिक १५ देखि २५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालका सात र विदेशका तीन गरेर १० वटा टोली सहभागी छन् । प्रतियोगिताको विजेता टोलीले रु आठ लाख एक हजार र उपविजेताले चार लाख एक हजार नगद पुरस्कार पाउने डाँगीहाट युथ क्लबका अध्यक्ष विक्रम वान्तवा राईले बताए । राईले प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई २५ हजार, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, सर्वाधिक गोलकर्ता, उदीयमान खेलाडी तथा मिडफिल्डरलाई १५/१५हजाररउत्कृष्टप्रशिक्षकलाई रु ३५ हजार पुरस्कारको व्यवस्था गरिएको बताए ।रासस

# अध्ययनसँगै खेललाई अगाडि बढाउँदै युवा

रामपुर । सानैदेखि खेलमा औधी रुचि राख्ने सन्दीप श्रेष्ठ अहिले यस क्षेत्रमा भविष्य खोज्दै हुनुहुन्छ । खेलकुद प्रतियोगितामा उहाँ कक्षा छाडेर अन्यत्र सहभागी हुन जानुहुन्छ ।

पाल्पाको माथागढी गाउँपालिका-३ सराई बस्ने २० वर्षीय श्रेष्ठ कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ । उहाँलाई फुटबल खेल नशाजस्तै बनेको छ । यसमै उहाँ ठूलो सपना बोकेर विभिन्न ठाउँमा प्रतिस्पर्धा गर्न पुग्नुहुन्छ । फुटबल खेल भनेपछि उहाँ सबै काम छाडेर प्रतिस्पर्धा गर्न जाने गरेको बताउनुहुन्छ ।



‘खेलकुदको क्षेत्रमा राम्रो खेलाडी बनेर चिनिने धोको छ तर राष्ट्रियस्तरमा नाम कमाएकै केही चर्चित खेलाडी विदेश गएको खबर सुन्दा कतै हाम्रो पनि त्यस्तै अवस्था आउने पो हो कि भन्ने चिन्ता लाग्छ’, उहाँले भन्नुभयो, “राज्यले खेलकुदमा लगानी गरेर खेलाडीलाई स्वदेशमै बाँच्ने वातावरण सिर्जना गर्नुपर्छ ।’

घर पछाडि रहेको खेलमैदानले उहाँलाई यस क्षेत्रमा आकर्षित बनायो । फुर्सदको समयमा उहाँ आफूले बुझ्ने उमेरदेखि नै कपडा, प्लास्टिकका फुटबल खेल्न सिक्दै जाँदा यसप्रति उहाँको सीप विकास हुँदै गयो । स्थानीयस्तरका कार्यक्रममा सहभागिता जनाउँदै अहिले देशका ठूला सहर बजारमा आयोजना हुने प्रतियोगितात्मक कार्यक्रममा प्रतिस्पर्धा गर्न सक्ने सक्षम खेलाडीका रूपमा निस्कनुभएको छ ।

अहिलेसम्म काठमाडौँ, मोरङ, धनगढी, बुटवललगायतका विभिन्न ठाउँमा प्रतिस्पर्धा गर्न विभिन्न क्लबमार्फत जाने गरेको उहाँले बताउनुभयो । खेलकुदमा रुचि राख्ने युवालाई सानैदेखि नै खेल्ने वातावरण स्थानीय सरकारले मिलाइदिएमा धेरै खेलाडी उत्पादन हुने श्रेष्ठ बताउनुहुन्छ ।

उहाँले अहिलेसम्म खेलमा प्रतिस्पर्धा गर्न जाँदा सम्बन्धित क्लबले नै खर्च बेहोर्ने गरे पनि पर्याप्त आर्थिक रकम नहुँदा खेलाडीलाई अप्ठ्यारो पर्ने गरेको बताउनुभयो । सराइ युवा क्लबको नेतृत्वमा अहिलेसम्म खेलमा प्रतिस्पर्धा गरिराख्नुभएको छ । उदीयमान खेलाडीलाई राज्यले संरक्षण गर्दै व्यावसायिकरूपमा खेल्ने आधार खडा गर्न उहाँको माग छ ।

सराईकै कमलबहादुर आले उमेरले २० वर्ष हुनुभयो । तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा बिबिएस प्रथम वर्षमा अध्ययनरत उहाँले अध्ययनको समयबाहेक अन्य समय खेलमै खर्चंदै आउनुभएको छ ।

प्रतियोगितात्मक कार्यक्रम नपरेका बेला खेलसम्बन्धी जानकारी लिने, आफ्नो क्षमतालाई विकास गर्नेतर्फ उहाँको ध्यान तानिएको हुन्छ । उहाँ बुटवल, भैरहवा क्षेत्रमा प्रतिस्पर्धा गर्न पुग्नुभएको छ । घर नजिकै रहेको खेलमैदानमा आफूभन्दा माथिल्लो उमेर समूहका व्यक्ति खेल्ने गरेको देखेपछि आफूले पनि सिक्दै खेल क्षेत्रमा अगाडि बढेको उहाँ बताउनुहुन्छ । खेलकुदका विधाअन्तर्गत उहाँ फुटबल खेलमा राम्रो खेलाडीले चिनिनुहुन्छ । समय समयमा प्रतियोगितात्मक कार्यक्रम आयोजना भएमा धेरै खेलाडी उत्पादन हुने वातावरण सिर्जना हुने र खेलमा युवालाई हौसला बढ्ने उहाँ बताउनुहुन्छ ।

‘खेलकुदका कार्यक्रम अति न्यून छन्, खेल्ने रहर गरेर मात्रै भएन, पूर्वाधार तयार छैनन्, राम्रो खेलाडीलाई यसैबाट जीवन धान्ने आधार बन्न सकेको छैन, खेल खेलेर बाँच्ने आधार भयो भने अन्तर्राष्ट्रियरूपमा नै खेल्न सक्ने खेलाडी स्थानीयस्तरमा नै छन्’, उहाँले भन्नुभयो । स्वास्थ्यका लागि खेल अपरिहार्य छ । खेलकै माध्यमबाट राष्ट्रलाई विश्वसामु चिनाउन सकिन्छ । खेल खेल्ने वातावरण तल्लो तहदेखि नै राष्ट्रियस्तरसम्म सिर्जना भएमा धेरै खेलाडी जन्मनेछन् । खेलमा भविष्य खोजेका युवालाई राम्रो आधार खडा गर्नुपर्छ । खेलले बालबालिका, युवायुवती, ज्येष्ठ नागरिक सबै उमेर समूहलाई आकर्षित बनाएको हुन्छ । स्थानीयस्तरमा हुने विभिन्न खुल्लास्तरीय खेलकुदका कार्यक्रममा अवलोकन गर्न पुग्ने गरेको युवा प्रदीप पाण्डेय बताउनुहुन्छ ।

‘खेलाडीलाई दर्शकको राम्रो सहयोग र साथ भएमा खेल क्षेत्रमा उनीहरूको उत्साह थपिने, जोश, जाँगर बढ्नेछ, खेल एउटा नशा र मनोरञ्जनको साधन बनेको छ, जहाँ हेर्दा दर्शकलाई एक किसिमको आनन्दको अनुभूति दिलाउँछ’, उहाँले भन्नुभयो ।

प्रतिस्पर्धा गर्न आर्थिक समस्याले राम्रा र सक्षम खेलाडी पछाडि परिरहेका छन् । खेलाडी आफैँले रकम उठाएर अन्यत्र प्रतिस्पर्धा गर्न जानुपर्दा समस्या हुने गरेको उनीहरूको गुनासो छ । सम्बन्धित स्थानीय सरकारले खेल क्षेत्रमा चासो दिएर खेलाडीको मनोबल वृद्धि हुने खालका कार्यक्रममा ल्याउनुपर्ने खेलाडीको माग छ । खेलाडीको सम्मान र उनीहरूको मनोबल वृद्धि गराउन स्थानीयस्तरमा हुने गरेका खुल्ला प्रतियोगितात्मक कार्यक्रमले खेल खेल्नुपर्ने र अवलोकन गर्नुपर्छ भन्ने धारणा बसालेको बताउनुहुन्छ, सिर्जनशील युवा क्लबका निवर्तमान अध्यक्ष ओमप्रकाश रेग्मी ।रासस

# आर्मीको जित

काठमाण्डु । विभागीय टोली त्रिभुवन आर्मीले प्रधानमन्त्री कप एक दिवसीय पुरुष क्रिकेट प्रतियोगितामा जित हात परेको छ । मूलपानी क्रिकेट मैदानमा आइतवार भएको खेलमा आर्मीले गण्डकी प्रदेशलाई ६९ रनले पराजित गरेको हो । आर्मीले दिएको एक सय ६६ रनको लक्ष्य पछ्याएको गण्डकीले ३२ ओभर २ बलमा अलआउट हुँदै ९६ रन बनाएको हो ।

गण्डकीका लागि समिर कँडेलले सर्वाधिक ३९ रन बनाए भने कप्तान बिपिन खत्री १९ तथा अर्जुन कुमालले १४ रन बनाए । यता आर्मीको जितमा सुसन भारीले सर्वाधिक ५ विकेट लिए भने कुशल मल्ल र साहब आलमले समान २/२ विकेट लिए । विक्रम सोबले एक विकेट झारे । त्यसअघि पहिले ब्याटिङ गरेको आर्मीका लागि कप्तान विनोद भण्डारीले सर्वाधिक ५४ रनमा बनाए । विक्रम सोब ३९, अनिल मण्डलले २६ र अर्जुन साउदले १३ रन बनाए ।

गण्डकीका लागि बिपिन खत्रीले सर्वाधिक ४ विकेट लिए भने कमल परियार २, सुवास भण्डारी, चन्द्र पौडेल र अमृत गुरुङले समान एक-एक विकेट लिए । उक्त जितसँगै आर्मीले ३ खेलबाट ४ अङ्क बनाउँदै सेमिफाइनलको सम्भावना कायम राखेको छ । पराजित गण्डकी ४ खेलबाट ५ अङ्कसहित दोस्रो स्थानमा यथावत रहेको छ । यस समूहबाट एपीएफ क्लब तीन खेल जितेर सेमिफाइनलमा प्रवेश गरिसकेको छ ।रासस

# पाकिस्तानका पूर्वप्रधानमन्त्री खान अस्पतालबाट ‘डिस्चार्ज’

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान तीन दिनको उपचारपछि आइतबार अस्पतालबाट ‘डिस्चार्ज’ हुनुभएको उहाँका सहयोगीले बताएका छन् । गत बिहीबार पूर्वप्रधानमन्त्री खानको हत्या गर्ने असफल प्रयास हुँदा खुट्टामा गोली लागी घाइते हुनुभएको थियो ।

गोलीकाण्डमा खानले आफ्ना उत्तराधिकारी शहबाज सरिफको संलग्नता रहेको आरोप लगाएपछि गत अप्रिलमा सत्ताच्युत भएदेखि नै तनावमा रहेको देशको राजनीतिक सङ्कट थप चुलिएको छ ।

पूर्व सूचनामन्त्री फवाद चौधरीले एएफपीसँग कुरा गर्दै खानलाई ‘डिस्चार्ज गरिएको’ पुष्टि गर्नुभयो । एक स्थानीय टिभी च्यानलले उहाँलाई निलो रङ्गको अस्पतालको गाउन लगाएर लाहोरस्थित एक क्लिनिकबाट ह्वीलचेयरमा निस्कँदै गरेको देखाएको थियो । पूर्वी शहर वजीराबादमा बिहीबार राजनीतिक दलको प्रदर्शनको नेतृत्व गरिरहेका ७० वर्षीय खानमाथि उहाँ चढेको ‘ कन्टेनर ट्रक’लाई लक्षित गरी गोली चलाउँदा घाइते हुनुभएको थियो ।

आक्रमणमा सम्लग्न भएको आरोपमा एक व्यक्ति हिरासतमा लिइएको छ । सरकारी अधिकारीहरूले आक्रमणलाई ‘ एक्लो बन्दुकधारीको काम र धार्मिक अतिवादको एकदम स्पष्ट मामला’ भनेका छन्।प्रहरीले सञ्चारमाध्यममा सार्वजनिक गरेको भिडियोमा एक मात्र संदिग्धले खानको प्रदर्शनले प्रार्थनाको आह्वानमा बाधा पुऱ्याएको कारण खानलाई मार्ने प्रयास गरेको बताएका छन् ।

खानले भने घटनामा दुई जना बन्दूकधारीको सम्लग्नता रहेको दाबी गर्नुभएको छ । शुक्रबार अस्पतालबाट पत्रकारसँग कुरा गर्दै उहाँले घटनाको पछाडि सरिफ, गृहमन्त्री राना सनौल्ला र एक वरिष्ठ गुप्तचर अधिकारीको सम्लग्नता रहेको दाबी पनि गर्नुभएको थियो ।

# हैजा नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठनद्वारा सहयोगको आग्रह

सिन्ह्वा

बेरुत । विश्व स्वास्थ्य सङ्गठनले लेबनानमा हैजाको नियन्त्रणका लागि आर्थिक सहयोगका लागि अपिल गरेको छ । लेबनानमा केही समययता हैजाको प्रकोप बढेकाले सो सङ्गठनले सहयोगका लागि अपिल गरेको हो ।

हैजासहित अन्य जनस्वास्थ्यका समस्याको समाधानका लागि एक करोड दुई लाख अमेरिकी डलर बराबरको आर्थिक सहयोग आवश्यक रहेको आग्रह गरेको छ । लेबनान हाल आर्थिक सङ्कटमा परेको र यहाँ शुद्ध खानेपानी र सरसफाईका लागि ठूलो रकमको आवश्यक परेको भन्दै यसका लागि हाल लेबनानलाई सो आर्थिक सहयता चाहिएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

विश्व स्वास्थ्य संगठनका लेबनान प्रमुख अब्दिनाकिर अबुदकरले लेबनान आर्थिक समस्यामा परेको अहिलेको अवस्थामा यहाँ हैजा फैलिइरहेको देखिएकोले यसको नियन्त्रणका लागि सहयोगको याचना गरिएको बताउनुभयो ।

***समयमै हैजाको नियन्त्रण नगर्दा यहाँ यसले महामारीको रुप लिने त्रास भएकाले विश्व स्वास्थ्य सङ्गठनले तत्कालै नियन्त्रणका लागि आवश्यक उपाय अवलम्बन गर्न लेबनान सरकार र सबैसँग अपिल गरेको हो ।***

लेबनानमा केही महिनायता फैलिएको हैजाबाट दुई हजार पाँच सयभन्दा बढी प्रभावित भएका छन् ।

अहिले पनि यहाँ चार सय १६ जना हैजाका विरामी रहेका छन् । लेबनानका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार हाल यहाँ १८ जनाको हैजाबाट ज्यान गएको छ । गत अक्टोबरको पहिलो हप्ता यहाँ हैजा देखिएको थियो र अहिले पनि यसको प्रकोप बढ्दो छ ।

समयमै हैजाको नियन्त्रण नगर्दा यहाँ यसले महामारीको रुप लिने त्रास भएकाले विश्व स्वास्थ्य सङ्गठनले तत्कालै नियन्त्रणका लागि आवश्यक उपाय अवलम्बन गर्न लेबनान सरकार र सबैसँग अपिल गरेको हो ।

विश्व स्वास्थ्य सङ्गठनले अफ्रिकामा देखिएको इबोला र लेबनानको हैजा नियन्त्रणका लागि सबैसँग अपिल गरेको छ । केही अफ्रिकी देशमा पछिल्ला केही महिनायता इबोलाको प्रकोप बढेको छ ।

# युक्रेन युद्धअघि रूसलाई ड्रोन उपलब्ध गराएको इरानद्वारा स्वीकार

एपी

तेहरान । इरानले युक्रेन युद्धअघि रूसलाई ड्रोन उपलब्ध गराएको स्वीकार गरेको छ । इरानी विदेश मन्त्री होसेन अमीराबदुल्लाहियानले युक्रेनमाथि आक्रमण हुनुभन्दा केही महिनाअघि थोरै संख्यामा ड्रोन पठाइएको शनिबार बताउनुभएको हो ।

तेहरानले मस्कोलाई ड्रोन आपूर्ति जारी राखेको पश्चिमा राष्ट्रहरूको आरोपको खण्डन गर्दै तिनको प्रयोग युक्रेनी ऊर्जा केन्द्र र नागरिक पूर्वाधारहरूमा लक्ष्यित भएनभएको यकिनका साथ भन्न नसकिने स्पष्ट गर्नुभयो । ‘युक्रेन युद्धमा इरानले रूसलाई क्षेप्यास्त्र र ड्रोन उपलब्ध गराएका आरोप निराधार हुन्,’ विदेशन्त्री अमीराबडोल्लाहियानलाई उद्धृत गर्दै सरकारी समाचार समिति इर्नाले जनाएको छ । यद्यपि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले तेहरानलाई झूट बोलेको आरोप लगाउदै किएभमा सेनाले दिनहुँ कम्तीमा १०वटा ड्रोन खसालेका बताउनुभएको छ ।

रूसले आफ्नो देशमा आक्रमण सुरु गरेदेखि नै नागरिक र पूर्वाधारमा आक्रमण इरान निर्मित ड्रोन प्रयोग गरेको दाबी गर्दै युक्रेनी राष्ट्रपतिले घातक ती ड्रोनमध्ये ६०-७० प्रतिशत खसालेको बताउनुभएको छ । इरानी ड्रोन आपूर्तिलाई लिएर बेलाइत, फ्रान्स र जर्मनीका कूटनीतिज्ञले गत शुक्रबार संयुक्त राष्ट्रसङ्घ महासचिवलाई पत्र लेखेर छानबिन गर्न आग्रह गरेका थिए ।

# स्पेनमा विवाह समारोहमा झगडा

एएफपी

म्याड्रिड । स्पेनमा आइतबार बिहान एक विवाह पार्टीका सदस्यहरूका बीच झगडा भएको र उनीहरूलाई कारले ठक्कर दिँदा चार जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन्।

घटनामा संलग्न भएको आरोपमा तीन जनालाई हिरासतमा लिइएको राष्ट्रिय प्रहरीका प्रवक्ताले एएफपीलाई बताएका छन् । म्याड्रिडबाट करिब २५ किलोमिटर (१६ माईल) उत्तरपूर्वमा रहेको टोरेजोन डे अर्डोजमा विवाहको आयोजना गरिरहेको रेस्टुरेन्टको अगाडि बिहानै झगडा भएको थियो। झगडापछि एउटा कारले विवाहमा आएका पाहुनालाई ठक्कर दिएर भागेको थियो ।

“जब हामी घटनास्थलमा पुग्यौं र त्यहाँ गम्भिर चोटपटकबाट चार जनाको मृत्यु भएको पाइएको,“ म्याड्रिड आपतकालीन सेवाका प्रमुख कार्लोस पोलोले बताएका छन् । घाइते अन्य चारजनालाई उपचारका लागि अस्पताल लगिएको उनले बताए । आक्रमण गरेको आशंका गरिएको गाडी दुर्घटनास्थलबाट ५० किलोमिटर टाढा भेटिएको र त्यसमा सवार तीन जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । त्यसैगरी प्रहरीले चौथो संदिग्धको खोजी भइरहेको बताएको छ ।



तनहुँको दमौली बजारमा मूला खरिद गर्दै सर्वसाधारण। नुवाकोटको ककनीबाट ल्याइएको मूला प्रति मुठा रु एक सयमा बिक्री गरिएको छ। *तस्बिरः रासस*

# भिभो देशकै लोकप्रिय स्मार्टफोन ब्रान्ड

**टुडे समाचारदाता**

काठमाण्डु । विश्व व्यापी अग्रणी स्मार्ट फोन ब्रान्ड भिभो, नेपालमा छोटो समय अवधिमै देशको लोकप्रिय स्मार्टफोन ब्राण्ड बनेको छ। आफ्नो ग्राहक-केन्द्रित दृष्टि कोणलाई पछ्याउदै, भिभो सधैंनवीनप्रविधिद्वाराग्राहकहरूको आवश्यकताहरू पूरा गर्न प्रयासरत रहेको छ । उत्कृष्ट क्यामेरा क्षमता, तिव्रचार्जहुने टेक्नोलोजी, अत्याधुनिक डिजाइन लगायतमा नवीन प्रविधि मार्फत भिभोले आकर्षक विशेवषताहरु प्रदानगर्दै आइरहेको छ। ब्रान्डको मुख्य फोकश भनेको ग्राहकको आवश्यकता वरिपरि केन्द्रित रहेर उनीहरूको लागि अझ उत्कृष्ट प्रविधिको विकास गर्न निरन्तर लागि पर्नु रहेको छ।

भिभो नेपालका प्रमुख कार्यकारी अधिकृत माइकलले भने-'नेपालमा भिभोले छोटो समयमा यति धैरै उपलब्धि हासिल गरेको देख्दा खुशी लाग्छ । भिभोमा, हामी निरन्तर देशमा उत्कृष्ट प्रविधिहरू र अत्याधुनिक विशेषता भएका स्मार्टफोनहरू ल्याएर उपभोक्ताको मागहरू पूरा गर्दै आइरहेका छौं। भिभोले बेन्फेन (सहीचीजहरू गर्ने र तिनीहरूलाई सहीतरिकाले गर्ने)अवधारणामा विश्वास गर्दछ। यसैबाट निर्देशित भएर, हामी यहाँ हाम्रा ग्राहकहरू र साझेदारहरूसँग सुमधुर सम्बन्ध निर्माण गर्नुका साथै नेपालमा सेवाहरु प्रदान गर्न र विस्तार गर्न जारी राखेका छौं। हाम्रा ग्राहकहरू, च्यानल साझेदारहरू, वितरकहरू र खुद्रा विक्रेताहरूले हामीलाई दिनुभएकोमाया र निरन्तर सहयोगकालागि कृतज्ञ छौं।'

नेपालमा शुरुवातदेखि नै भिभोले ग्राहकको आवश्यकता र सन्तुष्टिमा विशेष ध्यानदिंदै आइरहेको छ। हाल भिभोको देशभर १०००+ रिटेल स्टोरहरू छन् । र, नेपालमा विभिन्न स्थानमा रहेका ४ वटा सर्भिस सेन्टर मार्फत भिभोले सहजै ग्राहकहरुको समस्या समाधान गर्दै आइरहेको छ । साथै, भिभोले आफ्ना उपभोक्ताहरूलाई थप सेवा तथा सुविधाहरु प्रदान गर्न प्रत्येक महिनाको २७ देखि २९ तारिख सम्म भिभो सर्भिस डे तथा अन्य विभिन्न पहलहरू संचालन गर्दै आइरहेको छ। 'भिभो सर्भिस डे' का दिन ग्राहकहरूले फोन सफा गर्न, डिस्इफेक्टेन्ट, सिस्टम रिकभरी, सफ्टवेयर अपग्रेड, एक-घण्टा फ्ल्यास मर्मत, निःशुल्क श्रम मर्मत र सुरक्षात्मक स्टिकरहरू सहित बिक्री पछिका सेवाहरूको निःशुल्क लाभलिन सक्नेछन् । भिभोले आफूलाई अभिव्यक्त गर्न र फ्यानहरूलाई पनि त्यसमै उत्प्रेरित गर्न नेपालमा सँधै सक्रिय रूपमा अभियानहरू सञ्चालन गर्दै आएको छ । 'भीआर गर्जियस'अभियान अन्तर्गत भिभोले प्रयोगकर्तालाई 'सेयर योर गर्जियस स्टोरी' नामक प्रतियोगिता मार्फत आफ्नो रुपान्तरणको यात्रा शेयर गरेर अरुलाई पनि हौसला प्रदान गर्न उत्प्रेरित गरेको थियो । त्यसैगरी, ' भिभोटाइन फोटोग्राफी प्रतियोगिता' मार्फत, ब्रान्डले फ्यानहरूलाई आफुलाई विशेष लाग्ने तस्वीर क्लिक गरेर फोटो ग्राफीको सृजनात्मक प्रतिभालाई बाहिर निकाल्ने प्लेटफर्म दिएको थियो।

नेपाली प्रयोग कर्ताप्रति कृतज्ञता प्रकट गर्न भिभोले दशैं अभियान लगायत चाडपर्व अफर र अन्य अभियानहरु मार्फत धैरै अफर र छुटहरू पनि प्रदानगर्दै आइरहेको छ । भिभोले एकतामा विश्वास गर्छ र हरेक दिनलाई उत्सवको रुपमा लिन्छ । साथै, चाडपर्वहरूमाविशेष अफरहरू मार्फत, भिभोलेमानिसहरूलाई सबैमाखुशी र प्रेम फैलाउन प्रोत्साहित गर्ने गरेको जनाइएको छ।

# हट्यो चोभार सबस्टेसन निर्माणमा भइरहेको अवरोध

काठमाण्डु । उपत्यकाभित्रको विद्युत वितरणमा सहजता ल्याउने उद्देश्यका साथ कीर्तिपुर नगरपालिका-६ चोभारमा निर्माण भइरहेको एक सय ३२ केभी क्षमताको सबस्टेसन अब सहज रूपमा अगाडि बढ्ने भएको छ । सवस्टेसन निर्माणमा भइरहेको अवरोध हटाउने सहमति स्थानीयवासीले गरेका छन्।

नेपाल विद्युत प्राधिकरणले



हिमाल सिमेन्टको स्वामित्वमा रहेको चोभार, भूतखेलस्थित १२ रोपनी १२ आना जग्गामा एक सय ३२/११ केभी क्षमताको सबस्टेसन निर्माण प्रक्रिया अगाडि बढाएपछि स्थानीय बासिन्दाले अवरोध गर्दै आएका थिए।

सो स्थान खेल मैदानका रूपमा प्रयोग हुँदै आएको भन्दै स्थानीयवासीले सबस्टेसन निर्माणमा अवरोध गर्दै आएका थिए । मन्त्रिपरिषद्को १७ माघ २०७८ को बैठकले हिमाल सिमेन्टको स्वामित्वमा रहेको जग्गा सबस्टेसन निर्माणका लागि प्राधिकरणलाई भाडामा उपलब्ध गराउने निर्णय गरेको थियो।

प्राधिकरणले सर्वे, माटो परीक्षण, डिजाइन जस्ता निर्माणपूर्वका प्रारम्भिक कार्य सकिएको र सरकारले जग्गा उपभोग गर्न दिइसकेको अवस्थामा त्यस स्थानको विकल्पमा अन्य ठाउँमा सबस्टेसन सार्न नसकिने प्रष्ट पार्दै आएको थियो।

कीर्तिपुर नगरपालिका प्रमुख राजकुमार नकर्मी, उप-प्रमुख शुभलक्ष्मी शाक्य, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वडाध्यक्ष खीरमान सिंह बस्नेत, जलविनायक सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दीपक महर्जन र स्थानीय बासिन्दाका प्रतिनिधि सम्मिलित संयुक्त बैठकले सबस्टेसन निर्माणलाई अगाडि बढाउने निर्णय गरेको छ।

प्राधिकरणले स्थानीयवासीले उठाएको मागलाई सम्बोधन गर्ने र त्यसका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने सहमति भएको छ । कीर्तिपुर नगरपालिका, स्थानीय क्लब, संघसंस्था र भद्रभलादमीहरूसँगको छलफल र सहमतिमा मागलाई सम्बोधन गरिने छ।

चोभारस्थितसुक्खाबन्दरगाहको प्रवेशद्वारबाट सुरू भएको करिब दुई किलोमिटर ११ केभी लाइन तथा पोल सुरक्षित नदेखिएकाले स्थानीयको मागबमोजिम लाइनलाईभूमिगतगरीप्राधिकरणले व्यवस्थापन गरिदिने सहमति भएको छ । प्राधिकरणले सबस्टेसन निर्माण तत्काल अगाडि बढाउने छ। विद्युत आपूर्तिको अत्यावश्यकतालाई ध्यान दिएर सबस्टेसन निर्माणमा अवरोध नगर्ने र यसका लागि सम्बन्धित वडाले आवश्यक सहयोग गर्ने बैठकबाट निर्णय भएको छ।

बैठकमा नगर प्रमुख नकर्मीले विकास निर्माणका काममा नगरपालिकाको सधैं सहयोग गर्ने बताए। उनले भने, 'सबस्टेसन निर्माणमा जारी अवरोध हटाउनु ज्यादै अप्ठ्यारो र जटिलता थियो, यसलाई समाधान गर्न सफल भएका छौं, सबस्टेसन निर्माण तत्काल अगाडि बढाएर तोकिएकै समयमा सम्पन्न गर्नुपर्छ।'

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सबस्टेसन निर्माणका लागि ठेक्कापट्टा लागिसकेकोले चाँडै निर्माण सुरू गर्ने बताए । 'काठमाडौं उपत्यका विशेषतः कीर्तिपुर तथा आसपासका क्षेत्रमा विद्युतको मागलाई सम्बोधन गर्न र आपूर्तिलाईभरपर्दो तथा गुणस्तरीय बनाउन चोभार सबस्टेसन ज्यादै महत्वपूर्ण छ', उनले भने, 'यस्ता सबस्टेसन बनाउन सकिएन भने केही वर्षमा विद्युत उपलब्ध भएर पनि प्रवाह गर्न नसकी काठमाडौं उपत्यकामा लोडसेडिङ गर्नुपर्ने अवस्था आउने छ।'

काठमाडौं उपत्यकाको विद्युत आपूर्तिमा सुधार गर्न महत्वपूर्ण मानिएको थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी प्रसारण लाइन निर्माणमा ललितपुरको खोकना, बुङ्मती, हरिसिद्धि र लामाटार क्षेत्रका स्थानीय बासिन्दाले अवरोध गरिरहेका छन् । स्थानीयवासीको अवरोधका कारण प्रसारण लाइन बनाउन नसकिएपछि प्राधिकरणले विकल्पका रूपमा चोभारमा सबस्टेसन निर्माण अगाडि बढाएको हो।

थानकोटबाट चोभारसम्मको काठमाडौं खण्ड र भक्तपुरतर्फको निर्माण भने सकिएको छ। एसियाली विकास बैंकको काठमाडौं उपत्यका प्रसारण क्षमता सुदृढीकरण आयोजनामार्फत प्राप्त हुने सहुलियतपूर्ण ऋणमा चोभार सबस्टेसन निर्माण गर्न लागिएको हो । सबस्टेसनमा ४५ एमभिए क्षमताका दुई वटा पावर ट्रान्सफर्मर रहने छन्।रासस

# कम्पनी दर्ता नगर्ने विदेशी लगानीकर्ताको व्यावसायिक भिसा नवीकरण नहुने

**टुडे समाचारदाता**

काठमाण्डु । विदेशी लगानी ल्याउने लगानीकर्ताले कम्पनी दर्ता नगरे व्यावसायिक भिसा नपाउने भएका छन्। विदेशी लगानी ल्याउन स्वीकृति पाएका लगानीकर्ताहरूले लगानी नभित्र्याए पनि भिसा सुविधा लिइरहने गरेको देखिएपछि यस्तो कडाइ गर्न लागेको उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारीले बताए।

'कतिपयले लगानी ल्याउँछु भन्दै भिसा अवधि मात्रै थप्ने तर कम्पनी दर्तासमेत नगर्ने प्रवृत्ति देखिएपछि यसलाई रोक्ने नीति लिएका हौं,' तिवारीले भने । विभागले केही दिनअघि यस्तो सूचना सार्वजनिक गरेको थियो। लगानी ल्याउने विदेशीलाई उद्योग विभागले एकल विन्दु सेवा केन्द्र (भिसा सहजीकरण इकाई) मा व्यावसायिक भिसाको सिफारिस गर्ने गरेको छ। अब भने विदेशी लगानी स्वीकृत भएपछि पहिलोपटक तीन महिनाका लागि व्यावसायिक भिसा उपलब्ध गराइने विभागले जनाएको छ।

तीन महिनापछि भिसा नवीकरण गर्न आउँदा लगानीकर्ताले अनिवार्य रूपमा कम्पनी दर्ता गरेको प्रमाण पेस गर्नुपर्ने सर्त राखिएको छ । यसरी कम्पनी दर्ता गरेको प्रमाण पेस भए दोस्रोपटक थप तीन महिनाका लागि भिसा सिफारिस हुनेछ। उक्त अवधिपछि भने लगानीकर्ताले कर कार्यालयमा दर्ता गरेको, बैंक खाता खोलेको, उद्योग दर्ता गरेको वा दर्ताका लागि आवेदन दिएको भए मात्रै थप ६ महिनाका लागि भिसा जारी गर्न सिफारिस गर्ने भएको छ।

हालसम्म यस्तो सुविधा दिएकाहरूले पनि यो नियम पालना गर्नुपर्ने व्यवस्था उद्योग विभागले गरेको छ। तर वास्तविक लगानीकर्तालाई समस्या परे सहजीकरण गरिने विभागले जनाएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ ले विदेशी लगानी ल्याउनेले स्वीकृति पाएसँगै एक वर्षसम्मको भिसा प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। यस्तो भिसा लगानीकर्ताको एक जना आधिकारिक प्रतिनिधि र लगानीकर्ताको परिवारले समेत प्राप्त गर्छन् । त्यस्तै विदेशी लगानीका लागि अध्ययन, अनुसन्धान वा सर्वेक्षण गर्न आउने लगानीकर्तालाई ६ महिनाको अवधिसम्म गैरपर्यटक भिसा दिइँदै आएको छ । एकैपटक दस लाख अमेरिकी डलरभन्दा बढी वा त्यस बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी वा तिनका परिवारका सदस्यलाई लगानी कायम रहँदासम्म आवासीय भिसा दिने गरिएको छ।

विगत २५ वर्ष अवधिमा नेपालमा तीन खर्ब ५७ अर्ब रूपैयाँ प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता आए पनि एक खर्ब ३० अर्ब रूपैयाँ बराबरको मात्र विदेशी लगानी भित्रिएको छ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि




काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार उच्च अङ्कले उकालो लागेको छ। शेयर कारोबार हुने साताको पहिलो दिन आइतबार नेप्से परिसूचक ४३ दशमलव २० अङ्कले उकालो लागेर एक हजार नौ सय ६५ दशमलव ३६ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक आठ दशमलव शून्य नौ अङ्कले उकालो लागेर तीन सय ८७ दशमलव ५२ मा पुगेको छ।

कूल दुई सय २८ कम्पनीको ३९ लाख १३ हजार पाँच सय ७३ कित्ता शेयर रु एक अर्ब ५४ करोड ८० लाख ३२ हजार पाँच सय ६१ मूल्यमा खरिद बिक्री भयो। नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूह मध्ये आइतवार सामूहिक लगानी कोषबाहेक १२ वटा उपसमूहको शेयर मूल्य उकालो लागेको छ । लघुवित्त, उत्पादन, निर्जीवन बीमा र जीवन बीमा उपसमूहको शेयर मूल्यमा अत्यधिक वृद्धि भएको छ । आइतबारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब २६ अर्ब ९३ करोड ७८ लाख ५८ हजार आठ सय १० बराबर रहेको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा नेष्डो समृद्धि लघुवित्त शीर्ष स्थानमा छ। सो कम्पनीको रु १० करोड १४ लाख ९६ हजार छ सय ८६ बराबरको कारोबार भयो। यस्तै, एभरेष्ट बैंक रु सात करोड नौ लाख एक हजार एक सय ७५, हिमाल दोलखा हाइड्रोपावर रु छ करोड ७५ लाख ४८ हजार एक सय ८६, जाल्पा सामुदायिक लघुवित्त रु पाँच करोड ६६ लाख २५ हजार नौ सय १९ र हिमालयन डिस्टिलरी रु चार करोड ४७ लाख २५ हजार नौ सय ६८ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार आजको कारोबारमा विभिन्न चार कम्पनीको शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। सकारात्मक सर्किट लागेका कम्पनीहरूमा मानुषी लघुवित्त, जाल्पा सामुदायिक लघुवित्त, नेष्डो समृद्धि लघुवित्त र उपकार लघुवित्त छन्। त्यस्तै, उन्नति सहकार्य लघुवित्तका लगानीकर्ताले नौ दशमलव ९१ प्रतिशतले कमाएका छन्। रासस

# सुनको मूल्य प्रतितोला ९४ हजार पाँच सय

काठमाण्डु । सुनचाँदी बजारमा आइतवार छापावाल सुनको मूल्य प्रतितोला रु ९४ हजार पाँच सय निर्धारण गरिएको छ। शुक्रबार प्रतितोला रु ९३ हजार एक सयमा कारोबार भएको सुन आइतवार प्रतितोला रु एक हजार चार सयले बढेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आइतवार तेजाबी सुनको मूल्य प्रतितोला रु ९४ हजार छ। शुक्रबार तेजावी सुनको मूल्य प्रतितोला रु ९२ हजार छ सय थियो।

त्यस्तै आइतवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ५० ले बढेर रु एक हजार दुई सय ७५ तोकिएको महासङ्घले जनाएको छ।रासस


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

प्रकाशित मिति: २०७९/०७/२१

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक ली.) शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट सिटिजन्स वन जोन वन प्रोडक्ट अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स वन जोन वन प्रोडक्ट अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : पवन कुमार बछार**
बाबु : शुखचन्द्र बछार
बाजे : राजविर बछार थारु
ठेगाना : धर्मपुर गा.वि.स-४, महोत्तरी
हाल : भंगाहा न.पा.-८, धर्मपुर, महोत्तरी
ना.प्र.नं. : २६८६२५७३
जारी मिति : २०५७/०४/१०
जि.प्र.का. : महोत्तरी



**२.नाम : मधु कुमार बछार**
बाबु : शुखचन्द्र बछार
बाजे : राजविर बछार थारु
ठेगाना : धर्मपुर गा.वि.स-४, महोत्तरी
हाल : भंगाहा न.पा.-८, धर्मपुर, महोत्तरी
ना.प्र.नं. : १८३०५९।११६
जारी मिति : २०६३/१०/१५
जि.प्र.का. : महोत्तरी



**४.नाम : पवन कुमार बछार**
बाबु : शुखचन्द्र बछार
बाजे : राजविर बछार थारु
ठेगाना : धर्मपुर गा.वि.स-४, महोत्तरी
हाल : भंगाहा न.पा.-८, धर्मपुर, महोत्तरी
ना.प्र.नं. : २६८६२५७३
जारी मिति : २०५७/०४/१०
जि.प्र.का. : महोत्तरी



**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : शुखचन्द्र बछार**
बाबु : राजविर बछार थारु
बाजे : सरजुग बछार
ठेगाना : धर्मपुरवेला गा.वि.स-४, महोत्तरी
हाल : भंगाहा न.पा.-८, धर्मपुर, महोत्तरी
ना.प्र.नं. : २६८६१०४५
जारी मिति : २०३४/०३/०१
जि.प्र.का. : महोत्तरी



**३. नाम : ललिता बछार**
पति : शुखचन्द्र बछार
बाबु : सुर्यकान्त ठाकुर
ससुरा : राजविर बछार थारु
ठेगाना : धर्मपुरवेला गा.वि.स-४, महोत्तरी
हाल : भंगाहा न.पा.-८, धर्मपुर, महोत्तरी
ना.प्र.नं. : २६८६२३२५
जारी मिति : २०४६/१२/१२
जि.प्र.का. : महोत्तरी



**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नाम :- शुखचन्द्र बछार र पवन कुमार बछार**

| सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं/सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | महोत्तरी | धर्मपुर | ५क | ७१ | ०-४-५-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |
| १. | महोत्तरी | धर्मपुर | ४क | ४७८ | ०-२-१२.५-० | |
| १. | महोत्तरी | धर्मपुर | ४क | ७४९ | ०-०-१८.७५-० | |

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

# सचेत गराएर छोडिदै

**कमलेश ठाकुर**

जनकपुरधाम । निर्वाचन आचारसंहिता उल्लंघन गरेका १८ वटा सवारी साधन निर्वाचन आयोगले सर्त गराएर छोडेका छन् ।

आइतबारसम्म मधेश प्रदेश निर्वाचन कार्यालयले २० वटा सवारी नियन्त्रणमा लिएको थियो । जसमध्ये १८ वटा सवारी २४ घण्टा नियन्त्रणमा राखी सवारी धनीलाई बुझाइएको प्रमुख निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए ।

उनका अनुसार उम्मेदवारहरुको प्रचारप्रसारको लागि प्रयोग गरिदा यी सवारीहरु निर्वाचन आचारसंहिता उल्लंघन गरेको थियो । आचारसंहिता उल्लंघन गरेपछि पक्राउ गरी सवारीधनीलाई सचेत गराएर छोडिएको उनले बताए । छोडिने बेलामा अबदेखि पुनः यस प्रकारको गल्ती नदोहोऱ्याउने सर्त सहित सवारी धनीहरुलाई गाडी फिर्ता गरिएको छ ।



'सवारीधनीहरुले निर्वाचन आचारसंहिता पालना गर्ने सर्त गरेपछि सवारी छोडिएको छ,'उनले भने,'पक्राउ परेका सबै सवारीमा निर्वाचन आचारसंहिता विपरीत कार्य भएको थियो । अव पुनः यी सवारीले त्यस प्रकारको गतिविधि गऱ्यो भने जरिवाना हुन्छ ।'

नियन्त्रणमा लिइएको सवारीहरुमा चर्को साउण्डमा प्रचारप्रसार सामग्री प्रयोग गरिएको थियो भने आयोगले तोकेको भन्दा ठूलो प्रचारप्रसार सामग्री राखिएको थियो ।

नियन्त्रणमा लिइएको अधिकांश सवारी दुबै गठबन्धनका उम्मेदवारको रहेको थियो । अन्य दल र स्वतन्त्र उम्मेदवारको सवारीहरु न्यून संख्यामा पक्राउ परेको थियो ।

गठबन्धनका उम्मेदवारहरु माहोल बनाउन बढी संख्यामा सवारी तथा प्रचारप्रसार सामग्री प्रयोग गर्ने गरेका छन् ।

आचारसंहिता उल्लंघन गरेको भन्दै निर्वाचन आयोगले एमाले-जसपाको साझा उम्मेदवार जुली महतोलाई स्पष्टीकरण पनि सोधेको थियो । त्यसको केही दिनपछि उनका श्रीमान रघुवीर महासेठलाई पनि साडी वितरण गरेको भन्दै आयोगले स्पष्टीरकण सोधेको छ ।

# कांग्रेसद्वारा संकल्पपत्र सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश समितिले ५ वर्षमा मुख्य १० कामलाई प्राथमिकतामा राखी चुनावी संकल्पपत्र सार्वजनिक गरेको छ ।

आइतबार जनकुरधाममा एक कार्यक्रमको आयोजना गरी कांग्रेस मधेश प्रदेश कार्यसमितिका सभापति कृष्णप्रसाद यादव, संकल्पपत्र तयारी समितिका संयोजक वृहस्पति कृष्ण श्रेष्ठ लगायतले संयुक्त रुपमा सकल्पपत्र सार्वजनिक गरेका छन् ।

संकल्पपत्रमा लोकतन्त्र तथा सुशासन, आर्थिक विकास, भौतिक पूर्वाधार, सामाजिक विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, युवा तथा खेलकुद विकास, दलित जनजाति मुस्लिम तथा पिछडावर्ग उत्थान, अन्तरप्रदेश सम्बन्ध र प्रदेश र संघबीचको सम्बन्धमा विशेष जोड दिइएको छ ।

सुशासनका लागि प्रत्येक महिना मुख्यमन्त्री जनता दरबार कार्यक्रम सञ्चालन गरिने, 'सबैको साथ, सबैको विकास' भन्ने नारालाई आत्मसात गर्दै प्रदेश सरकारले विभेदरहित काम गर्ने, आर्थिक सम्बृद्धिका लागि कृषि उत्पादन वृद्धि गरिने र त्यसका लागि कृषकहरुलाई निर्ब्याजी




ऋणको व्यवस्था गर्ने लगायतका कार्यक्रम संकल्पपत्रमा उल्लेख गरिएको छ ।

त्यसैगरी,घरघर खाद्य, खेतखेत सिँचाइ' भन्ने नारा अघि सार्दै ग्रामीण कृषि सडक, सिँचाइ, बीउबिजन, कोल्डस्टोर निर्माणलाई प्राथमिकता दिनुको साथै ७० वर्षभन्दा बढी उमेरका व्यक्तिका लागि किसान पेन्सनको व्यवस्था गरिने संकल्पपत्रमा उल्लेख छ ।

त्यस्तै, हाल मधेश प्रदेशका व्यक्तिको वार्षिक आय ६ सय अमेरिकी डलर रहेकोमा त्यसलाई आगामी ५ वर्षमा प्रतिव्यक्ति आयलाई १ हजार ५०० डलर पुर् याउने तथा जनकपुर चुरोट काराखानालाई विद्युतीय चुल्हो कारखानाको रुपमा विकास गर्नेसमेत प्रतिबद्धता व्यक्त गरिएको छ ।

आगामी सरकारले वीरगञ्जको ठोरी, बीरगञ्ज पथलैया, जनकपुर ढल्बेवर र गोलबजार लहानमा विशेष आर्थिक करिडोरको रुपमा विकास गरिने तथा मधेश प्रदेशलाई शिक्षाको हवको रुपमा विकास गर्ने संकल्पपत्रमा भनिएको छ ।

भौतिक पूर्वाधार अन्तर्गत पानी बिजुली र सञ्चारको पहुँच सबै घरमा पुर्‍याउने, काठमाण्डुं-निजगढ फास्ट ट्र्याक निर्माणमा तीव्रता दिन पहल गर्ने, रेल सेवालाई विस्तार गरी राजविराजदेखि वीरगञ्जसम्म पुर्‍याउने, प्रदेशका सबै विमानस्थलको स्तरोन्नति गर्ने तथा निजगढ विमानस्थल बनाउन पहल गर्ने उल्लेख गरिएको छ ।

स्वास्थ्य क्षेत्र अन्तर्गत एम्बुलेन्स, अस्पताल तथा आयुर्वेद अस्पताल निर्माण गरिनेसमेत संकल्पपत्रमा उल्लेख छ । संकल्पपत्रमा ८० वर्ष भन्दा माथिका नागरिकलाई निःशुल्क स्वास्थ्य सुविधा दिने उल्लेख गरिएको छ ।

यसका साथै संघीय सरकारसँगको सम्बन्धलाई मजबुत बनाउँदै नागरिकता सम्बन्धी समस्या,प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी समस्या समाधान गर्ने तथा जनसंख्याको आधारमा मधेशमा बजेट वृद्धि गर्न पहल गर्ने संकल्पपत्रमा उल्लेख छ ।

# दर्जनौ कार्यकर्ता जसपामा प्रवेश

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा नेकपा (एस) सहित विभिन्न



पार्टी परित्याग गरी दर्जनौ कार्यकर्ता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् ।

पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेकपा एसका जिल्ला सदस्य सुर्यनारायण ठाकुरको नेतृत्वमा आएका नवप्रवेशीहरुलाई टिका लगाएर स्वागत गरेका थिए ।

सप्तरीको महदेवा गाउँपालिकामा घरदैलोका क्रममा अध्यक्ष यादवले स्थानीय अरबिन्द साह, कृष्णदेव यादव, देब नारायण ठाकुर, सुनिता कुमारी ठाकुर लगायतका व्यक्तिहरुलाई जसपा अध्यक्ष यादवले स्वागत गरेको विद्यार्थी नेता श्यामकुमार यादवले जानकारी दिए ।

कार्यक्रममा जसपाका प्रदेश सचिव युसुफ अली, केन्द्रीय सदस्य विकास कुमार तिवारी, महादेवा गाउँपालिकाका निर्वतमान अध्यक्ष दीपक कुमार यादव , विद्यार्थी केन्द्रीय उपाध्यक्ष भोगेन्द्र यादव, महदेवा गाउँपालिका कमिटी अध्यक्ष अशोक कुमार यादव, दीप नारायण यादव लगायतको उपस्थिति रहेको थियो ।

# चौरसियाको समर्थनमा व्यवसायीहरुको सहयोग



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जका उद्योगी व्यपारीहरुले पर्सा क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार अजय चौरसियालाई समर्थन गर्ने जनाएका छन् ।

मारवाडी युवा मन्च वीरगञ्जले आयोजना गरेको परिचयात्मक कार्यक्रममा सहभागी यहाँका उद्योगी व्यपारीले चौरसियालाई समर्थन गर्ने प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रममा सहभागी उद्योगी व्यपारीले चौरसियाको परिचय चिन्हाउनु जरुरी नरहेको उनले गरेका काम नै काफी रहेको बताए । पदमा रहँदा वा नरहँदा पनि यहाँका उद्योग व्यवसाय क्षेत्रको समस्या समाधानका लागि चौरसियाले पहलकदमी गर्दै आएको बताउँदै उद्योगी व्यपारीले नेतालाई फेरि अवसर दिनु पर्नेमा जोड दिए ।

उनीहरुले विगतमा उद्योगी व्यवसायीलाई कुनै पनि समस्या पर्दा चौरसिया तत्कालै पुग्ने गरेको पनि बताए ।

कार्यक्रममा सत्तागठबन्धनका साझा उम्मेदवार समेत रहेका चौरसियाले वीरगञ्जका उद्योगी व्यपारीका हरेक समस्यामा आफू विगतमा पनि साथमा रहेको र आगामी दिनमा पनि साथमा रहने वाचा गरे ।

उनले उद्योग व्यापारलाई माथि उकास्नुका साथै वीरगञ्जलाई हराभरा र सफासुग्घर शहर बनाउनका लागि आफूले काम गर्ने प्रतिबद्धता पनि जनाए ।

अहिलेका राष्ट्र बैंकका गर्भनर एमालेका कारिन्दा भएको भन्दै चौरसियाले गर्भनरकै गलत नीति र नियतका कारण मुलुकमा आर्थिक मन्दी भएको र त्यसको सबै भन्दा ठूलो मारमा उद्योगी व्यपारी परेको बताए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश र उद्योग वाणिज्य संघका पदाधिकारी , सदस्य , प्रदेश सरकारका पूर्वमन्त्री एंव वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष ओमप्रकाश शर्माका साथै उद्योगी,व्यापारीका साथै काँग्रेसका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# आचारसंहिता उल्लंघन हुन नदिन सचेतना

**टुडे समाचारदाता**

राजविराज । आचारसंहिताको उल्लघंन बढ्दै गएकोमा आइतबार राजविराजमा आयोजित एक कार्यक्रमका सहभागीहरुले चिन्ता व्यक्त गरेका छन् । निर्वाचन कार्यालय सप्तरीले आयोजना गरेको जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रममा आचारसंहिता उल्लघंन बढेको प्रति चिन्ता व्यक्त गरिएको हो ।

कार्यक्रममा मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले दलहरुले नै बनाएको आचारसंहिताको पालना गर्नु दल लगायत उम्मेदवारहरुको पनि जिम्मेवारी रहेको बताए ।

यसअघि तीन पटक आचारसंहिता पालना बारे छलफल गरिए पनि उल्लंघनका घट्नाप्रति सचेत नहुनु चिन्ताको विषय भएको उनले बताए ।

उनले निर्वाचन स्वच्छ, मर्यादित, भयरहित तथा शान्तिपूर्ण रुपमा सम्पन्न गराउनका लागि आचारसंहिताको पालना पनि प्रमुख आवश्यकता रहेको प्रस्ट गरे ।

निर्वाचनमा सुरक्षाका लागि सप्तरीसित सिमाना जोडिएको भारतका जिल्ला सुपौल र



मधुवनीस्थित डिस्ट्रिक्ट मजिस्ट्रेट र एसपी समक्ष पटक-पटक कुरा भइरहेको जानकारी दिँदै उनले निर्वाचन आचारसंहिता पालना गरी निर्वाचन सफलताका साथ सम्पन्न गर्नका लागि सहयोगको आग्रह पनि गरे ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले निर्वाचनको आचारसंहिता उल्लंघन गर्नेलाई ध्यानाकर्षण गराउने, स्पष्टीकरण सोध्ने र केही सीप नलागे उम्मेदवारी नै रद्दको प्रावधानसमेत रहेको जानकारी दिए ।

उनले संचारकर्मीले समेत निर्वाचन आचारसंहिता पालना गर्नु आवश्यक रहेको भन्दै यसबाट सफलताका साथ निर्वाचन सम्पन्न गर्नमा मद्दत पुग्ने बताए ।

कार्यक्रममा स्थानीय संचारकर्मीहरुले निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग भइरहेको, सामाजिक संजालमा एक पक्षले अर्को पक्षलाई अमर्यादित रुपमा टिकाटिप्पणी गर्ने गरेको सार्वजनिक स्थलमा निर्वाचन प्रचार सामग्री प्रयोग गर्ने काम भएको,तोकिएको भन्दा ठूलो आकारमा तुल,ब्यानरको प्रयोगगरिएको लगायतका विषयमा ध्यानाकर्षण गराएका थिए ।

# दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा सुमो दुर्घटना हुँदा एक नवजात शिशु र एक महिलाको मृत्यु भएको छ ।

धनुषाको लक्ष्मीनिया गाउँपालिकामा ना३च ३५७५ नम्बरको टाटा सुमो अनियन्त्रित हुँदा शिशु र महिलाको मृत्यु र ६ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जनाएका छन् ।

जनकपुरबाट महेन्द्रनगरतर्फ जाँदै गरेको सुमो अनियन्त्रित भइ दुर्घटना भएको बताउँदै उनले सुमोमा सवार ८ जनामध्ये ६ जना घाइते मध्ये मिथिला नगरपालिका हरिहरपुरकी सन्जुदेवी महतोको एक दिने शिशुको घटनास्थलमै




मृत्यु भएको जनाइएको छ।

त्यस्तै, मृत्यु हुनेमा क्षीरेश्वरनाथ नगरपालिका-०७ की २४ वर्षीय राधादेवी सिंह रहेकी छन् । यस्तै घाइतेहुनेहरुमा सोही नगरपालिका की ४० वर्षीय फुलोदेवी महतो, हरिहरपुरकी ६० वर्षीय कमलीदेवी र सोही पालिका १ की १५ वर्षीय सुधीसिंह र लक्ष्मीनियाँ गाउँपालिका-०६ वगेवा बस्ने चालक सिकिन्द्र ठाकुर शर्मा र मिथिला नगरपालिका-३ बस्ने चन्द्रकला महतो रहेकी छन् ।

## चौधरी र मैनालीबीच कडा प्रतिस्पर्धा

**सिकेन्द्र पासवान**

कलैया । मंसिर ४ गते हुने संघीय एवम् प्रदेशसभाको निर्वाचनमा बारा निर्वाचन क्षेत्र नम्बर १ मा खानेपानी मन्त्री उमाकानत चौधरी र पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको सल्लाहकार रहेका अच्युत मैनालीबीच कडा प्रतिस्पर्धा हुने भएको छ ।

चारवटा निर्वाचन क्षेत्र रहेकोमा निर्वाचन क्षेत्र नम्बर १ मा पुरुष ६३ हजार ४ सय ६४ , महिला ५५ हजार ९ सय ६ र अन्य ५ जना गरी जम्मा १ लाख ९५ हजार ३ सय ७५ रहेको छ ।

यो क्षेत्रमा ११ वटा पार्टी तथा ६ जना स्वतन्त्र गरी जम्मा १७ जना प्रतिनिधिसभामा उम्मेदवारी दर्ता गरी चुनावी प्रतिस्पर्धामा छन् । प्रतिनिधिसभा सदस्यका लागि खानेपानी मन्त्री एवम् नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी, नेकपा एमालेको तर्फबाट अच्युत मैनालीबीच कडा प्रतिस्पर्धा हुने भएको छ ।

प्रदेशसभा सदस्यका लागि निर्वाचन क्षेत्र नम्बर १ को 'ख' मा ८ जना राजनीतिक दलबाट , ४ जना स्वतन्त्रबाट गरी १२ जना चुनावी मैदानमा उत्रिए पनि नेपाली कांग्रेसका नागेन्द्र प्रसाद साह, जसपाका सरोज यादवबीच कडा प्रतिस्पर्धा हुने अनुमान छ ।

प्रदेश सभा 'क' मा नेपाली कांग्रेसका रमेश दंगाल र एमालेका त्रिलोकी चौधरीबीच पनि प्रतिस्पर्धा रहेको चर्चा जनमानसमा रहेको छ ।

# भारतीय महिला प्रतिनिधि नेपालमा

**टुडे समाचारदाता**

जनकपुरधाम । बेटीरोटीको नातामा चिसोपना बढेको भन्दै भारतीय महिला प्रतिनिधिहरु नेपाल आएकी छन् ।

नेपाल भारतबीच बेटीरोटीको नातामा चिसोपना पसेको भन्दै सीमावर्ती भारत मधुवनी जिल्लाकी महिलाहरुले चिन्ता व्यक्त गरेकी छन् ।

गाउँ विकास मंचको आयोजनामा "जानकी जन संम्बाद" कार्यक्रम लिइ सीतामढीका महिला प्रतिनिधि मंडलहरु जनकपुरधाममा नेपाल भारत खुला सीमा सम्वाद समूहका प्रतिनिधिहरुसंग भेट गर्दै पहिलेको तुलनामा दुबै देशबीच रहेको वैवाहिक सम्बन्धमा ह्रास भएकोमा चिन्ता व्यक्त गर्दै दुबै तिरको नागरिकबीच यस बिषयमा छलफल हुनुपर्नेमा जोड दिइएको छ ।

कार्यक्रममा नेपाल भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष राजीव झाले नेपाल भारतमा रहेको बेटीरोटीको नातामा आएको तिक्तता




केही राजनीतिक दलको दुरभावनाको कारणले भएको वताए ।

नागरिकता समस्याको कारण माता सीता र भगवान रामकालको सम्बन्धमा तिक्तता उत्पन्न भएको छ । यसका लागि सम्वाद समूहले आफ्नो तवरबाट नेपालमा पहल गर्दै आएको वताउँदै उनले भारतमा पनि मंचले नेपाल भारतबीचको सम्वन्ध सुदृढ राख्न सरकारलाई दबाब दिनुपर्ने वताए ।

कार्यक्रममा गाउँ विकास मंचकी प्रतिनिधिहरुले परापूर्वकालदेखि नेपालको छोरी भारतमा र भारतकी छोरी नेपालमा वैवाहिक नातामा वाँधिदै आएकोले नागरिकतामा देखिएको समस्या समाप्त हुनुपर्ने बताइन ।

दुबै देशले आफ्ना बुहारीलाई विवाह पश्चात तुरुन्तै नागरिकता दिनुपर्ने प्रावधान ल्याएर बेटीरोटीको नातालाई कायम राख्नुपर्ने वताए ।

सीमामा कुनै पनि बाधा अवरोध मान्य नहुने केही परे सीमामा बस्ने नागरिकसंग छलफल गरी अगाडि बढनुपर्नेमा महिला प्रतिनिधिहरुको जोड रहेको थियो ।

# वडा कार्यालयमा तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १४ को वडा कार्यालयमा वडासदस्यहरुले अनिश्चितकालीन तालाबन्दी गरेका छन् ।

वडा वडाध्यक्ष पुण्यप्रताप यादवले मनपरी ढंगले काम गर्ने गरेको भन्दै वडासदस्यहरुले आइतबार विभिन्न माग राख्दै कार्यालयमा तालाबन्दी गरेका छन् ।

कार्यालयमा अवकाश प्राप्त सचिव रामचरण मण्डल र जनस्वास्थ्य कार्यालयका कार्यालयका एक सहयोगीलाई कार्यालय परिसरमै कुर्सी टेबुलको व्यवस्था गरी बसाएर सेवाग्राहीबाट अतिरिक्त रकम (घुस) लिने गरेको, निर्वाचित भएको ६ महिना बित्दा काम नगरी वडासदस्यले नगर्न दिएको आरोप लगाउने गरेको, महिनामा अनिवार्य हुने तीनवटा बैठक बस्न नदिएको, वडा कार्यालयमा नियमित नबस्ने गरेको लगायतको आरोप वडासदस्यहरुको छ ।

पटक-पटक यस विषयमा वडाध्यक्षलाई ध्यानाकर्षण गराउँदा समेत वास्ता नगरेपछि चारैजना वडासदस्यले बाध्य




भएर तालाबन्दी गरेको वडासदस्य रमेश साहले बताए ।

वडामा महिनामा हुने तीनवटा बैठक समयमा हुनुपर्ने, वडाको बैठकको निर्णय अनुसार काम गर्नुपर्ने, पूर्व वडासचिव र जनस्वास्थ्यका कासलाई कार्यालय परिसरबाट हटाउनु पर्ने, सरसफाइमा प्रयोग भएको ट्र्याक्टर खर्च पारदर्शी हुनुपर्ने, वडा भित्रको सामुदायिक विद्यालयमा पठनपाठन सुधार हुनुपर्ने लगायतको आफूहरुको माग रहेको वडासदस्य जीवछ दासले बताए ।

माग सम्बोधन नभएसम्म तालाबन्दी जारी रहने उनीहरुले बताएका छन् । यस वडामा वडाध्यक्ष यादव जनता समाजवादी पार्टीबाट निर्वाचित छन् भने वडासदस्यहरु कांग्रेसबाट निर्वाचित छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८